# महालक्ष्मी राजपत्र

## खण्ड : ५ सङ्ख्याः १२, मिति २०७८/७/२९

## भाग–२

### महालक्ष्मी नगरपालिका, ललितपुर

## महालक्ष्मी नगरपालिकाको सहकारी नियमावली, २०७८

**प्रस्तावनाः** महालक्ष्मी नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी महालक्ष्मी नगरपालिका, नगरकार्यपालिकाले यो नियमावली बनाएको छ ।

# परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१). यस नियमावलीको नाम "महालक्ष्मी नगरपालिकाको सहकारी नियमावली, २०७८" रहेको छ ।

(२) यो नियमावली महालक्ष्मी नगरपालिका क्षेत्रभित्र लागु हुनेछ ।

(३) यो नियमावली महालक्ष्मी राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

(क) "आन्तरिक कार्यविधि" भन्नाले सहकारी संस्थाले ऐनको दफा १८ बमोजिम बनाएको आन्तरिक कार्यविधि सम्झनु पर्दछ ।

(ख) "क्षेत्रीय/इकाई बैठक" भन्नाले दुई हजारभन्दा बढी सदस्य भएको र दुई वटा वडाभन्दा बढी कार्यक्षेत्र भएको संस्थाको लागि वडा वा पायक पर्ने स्थानहरू निर्धारण गरी क्षेत्रीय रूपमा गरिने भेला सम्झनु पर्दछ ।

(ख) "ऐन" भन्नाले महालक्ष्मी नगरपालिका सहकारी ऐन, २०७५ सम्झनु पर्दछ ।

(ग) "कसुर" भन्नाले ऐनको दफा ७९ बमोजिमको कसुर सम्झनु पर्दछ ।

(घ) "कार्यक्षेत्र" भन्नाले सहकारी संस्थाको सदस्यता विस्तार र कारोबार गर्न तोकिएको भौगोलिक क्षेत्र वा निर्दिष्ट स्थानलाई जनाउनेछ ।

(ङ) "कार्यान्वयन अधिकारी" भन्नाले सहकारी विभागले जारी गरेको सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन, २०७४ बमोजिम सहकारी संस्था वा संघले नियुक्त गर्ने कर्मचारी सम्झनु पर्दछ ।

(च) "कार्यालय" भन्नाले महालक्ष्मी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(छ) "तोकिएको वा तोकिए" बमोजिम भन्नाले संघ, प्रदेश र नगरपालिकाको सहकारी ऐन वा ऐन बमोजिम बनेका अन्य कानुनहरूमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्दछ ।

(ज) दर्ता अधिकारी भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(झ) "नियमित बचत" भन्नाले सदस्यहरूले संस्थामा दैनिक वा साप्ताहिक वा पाक्षिक वा मासिक वा त्रैमासिक वा वार्षिक रूपमा जम्मा गर्ने बचत रकमलाई सम्झनु पर्दछ ।

(ञ) "व्यवस्थापक" भन्नाले सहकारी संस्थाको व्यवस्थापक सम्झनु पर्दछ ।

(ट) "प्रदेश मन्त्रालय" भन्नाले सहकारी मातहत पर्ने बागमती प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्दछ ।

(ठ) "मन्त्रालय" भन्नाले सङ्घीय सरकारअन्तर्गतको मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ड) "शाखा" भन्नाले महालक्ष्मी नगरकार्यपालिकाको सहकारी शाखा सम्झनु पर्दछ ।

(ढ) "संस्थागत पुँजी" भन्नाले संस्थाको पछिल्लो आर्थिक वर्षको जगेडा कोष र घाटा पूर्ति कोषको रकम सम्झनुपर्दछ ।

(ण) "समिति" भन्नाले **नियम ५८** बमोजिम गठित अनुगमन तथा निरीक्षण समिति सम्झनु पर्दछ ।

(त) "सूचना अधिकारी"भन्नाले सहकारी संस्थाले कार्यालयको आधिकारिक सूचना सम्प्रेषण गर्न तोकेको कर्मचारी सम्झनु पर्दछ ।

## परिच्छेद-२

## संस्था गठन, दर्ता र सञ्चालन

**३. सहकारी संस्था गठन र यसको आधारः**(१) ऐनको दफा ३ बमोजिम दर्ता हुने सहकारी संस्थाहरू गठन गर्दा देहायको सर्त तथा बन्देजहरू पूरा गरेको हुनुपर्नेछः-

(क) कार्यक्षेत्रभित्र स्थायी रूपमा बसोबास गरेको व्यक्तिहरूको नेपाली नागरिकता/राष्ट्रिय परिचयपत्रको प्रमाणित प्रतिलिपि,

(ख) कार्यक्षेत्रभित्र बसोवास गरेको प्रस्तावित संस्थाको कार्यक्षेत्र बाहिरको नेपाली नागरिकता वा राष्ट्रिय परिचयपत्र भएको आवेदकहरूको हकमा नेपाली नागरिकता वा राष्ट्रिय परिचयपत्रको प्रमाणित प्रतिलिपिको साथमा कार्य क्षेत्रभित्र बसोवास गरेको व्यहोरा प्रमाणित हुने देहायमध्ये कुनै एक प्रमाणको प्रमाणित प्रतिलिपि,

(१) परिवार सहितको बसाइँसराइ गरी आएको भए सोको प्रमाणपत्र,

(२) बैवाहिक सम्बन्धका आधारमा बसाइँ सर्नु परेको भए विवाह दर्ताको प्रमाणपत्र र नाता प्रमाणित,

(३) घर वा जग्गा भएको प्रमाणित गर्न जग्गाधनी दर्ता प्रमाणपूर्जाको प्रतिलिपि र घर नक्सा इजाजतको प्रतिलिपि वा सम्पन्न प्रमाणपत्रको प्रतिलिपि,

(४) कर्मचारीको हकमा नियुक्ति पत्र, हाल कार्यरत कार्यालय वा निकाय खुल्ने प्रमाण र कार्य क्षेत्रभित्र बसोबास गरेको पुस्ट्याँई हुने प्रमाण-नागरिकता वा घरजग्गा भएको प्रमाण वा विद्युत महसुल बुझाएको रसिद वा मतदाता परिचयपत्र वा व्यवसाय गरेको

प्रमाण वा घरभाडा सम्झौता पत्र वा सम्बन्धित निकायले गरेको सिफारिस वा काम गरेको कार्यालयको पत्र वा सम्बर्नधत वडाको वडा अध्यक्षको बसोबास प्रमाणित गरेको निस्सा ।

(२) श्रम वा सीपमा आधारित सहकारी संस्था गठन गर्दा उपनियम(१) मा उल्लिखित विषयका अतिरिक्त श्रमिक तथा यूवा लगायतले आफ्नो श्रम, सीप र निश्चित विषयमा आधारित तोकिएको व्यवसाय गर्ने संस्थाको हकमा जुन श्रम र सीपको आधारमा सहकारी दर्ता गर्न चाहेको हो, आवेदकहरूले सोसम्बन्धी व्यावसायिक सीप हासिल गरेको प्रमाणपत्रसमेत पेस गर्नुपर्नेछ ।

(३) पेसागत आधारमा दर्ता हुने संस्थाको हकमा उपनियम (१) मा उल्लिखित विषयका अतिरिक्त नगरपालिका क्षेत्रभित्र सरकारी स्वामित्व वा अनुदानमा सञ्चालित कार्यालय, सामुदायिक विद्यालय, विश्वविद्यालय वा सङ्गठित संस्थाहरूमा कार्यरत कर्मचारीहरू हुनु पर्नेछ । यस्तो संस्था दर्ता गर्दा सम्बन्धित कार्यालय वा निकायको सिफारिस हुन आवश्यक पर्नेछ ।

(४) उपनियम (३) बमोजिम संस्था दर्ताको लागि एक सय जनाभन्दा कम कर्मचारी, शिक्षक वा प्राध्यापकहरू कार्यरत रहेको कार्यालयमा संस्था गठन गर्दा कम्तीमा तीस जनाको स्थायी दरबन्दी स्वीकृत भई कार्यरत रहेको हुनुपर्नेछ ।

(५) उपनियम (४) बमोजिमको संस्थाले सहकारीका संघ वा बैकमा संस्थागत सदस्यता लिए तापनि संस्थाका प्रतिनिधिहरू संघ वा बैकको सञ्चालक वा लेखा सुपरीवेक्षण समितिमा उम्मेदवार बन्न पाउने छैनन् ।

(६) उपनियम (४) बमोजिम दर्ता भएका संस्थाहरूले देहाय बमोजिमका कार्यहरू गर्न सक्नेछन्:

(क) सदस्यहरूबाट विनियममा तोकिएको सीमासम्मको मासिक बचत सङ्कलन गर्ने ।

(ख) खण्ड (क) बमोजिम सङ्कलित बचत रकम सदस्यहरूलाई सापटी, ऋणको रूपमा परिचालन गर्ने ।

(ग) सदस्यहरूको बौद्धिक विकास, कला, साहित्य लगायतका रचनात्मक क्षेत्रमा कार्य गर्ने ।

(७) एउटै पेसासँग सम्बन्धित पेसागत सङ्गठनअर्न्तगत नगरपालिका क्षेत्रभित्र एकभन्दा बढी पेसागत सहकारी संस्था दर्ता गरिने छैन ।

(८) उपनियम(१), (२),(३) र (४) बमोजिमका सहकारी संस्था गठन गर्दा एक परिवार एक सदस्यभन्दा बढी हुने छैन ।

तर संस्था दर्ता भइ सकेपछी एकै परिवारका एकभन्दा बढी व्यक्तिले सो संस्थाको सदस्यता लिन बाधा पर्ने छैन ।

(९) यस नियमावलीबमोजिम गठित सहकारी संस्थाको कार्यक्षेत्र बढीमा नगरपालिका क्षेत्रभित्र हुनेछ ।

४. **संस्था दर्ताको दरखास्तको ढाँचा र पेस गर्नुपर्ने विवरणः** (१) ऐनको दफा ५ को उपदफा (१) बमोजिम सहकारी संस्थाले दर्ताका लागि दर्ता गर्ने अधिकारी समक्ष अनुसूची-१ को ढाँचामा दरखास्त दिनु पर्नेछ र दरखास्तको साथमा देहायको विवरण समेत संलग्न गर्नु पर्नेछः-

(क) अनुसूची-२ को ढाँचामा सम्भाव्यता अध्ययन प्रतिवेदन

(ख) अनुसूची-३ को ढाँचामा आवेदकहरूको विवरण फाराम

(ग) अनुसूची -४ र अनुसूची- ५ को ढाँचामा प्रारम्भिक भेलाका प्रमाणित निर्णयहरू,

(घ) अनुसूची - ६ को ढाँचामा व्यावसायिक कार्ययोजना,

(ङ) अनुसूची - ७ को ढाँचामा सदस्यबाट सङ्कलित शेयर रकमको भर्पाइ,

(च) अनुसूची - ८ को ढाँचामा तदर्थ सञ्चालक समितिका सदस्यहरूको विवरण,

(छ) अनुसूची - ९ को ढाँचामा स्व-घोषणापत्र,

(ज) अनुसूची - १० को ढाँचामा अधिकार प्रत्यायोजन पत्र,

(झ) अनुसूची - ११ अनुसारका विषयवस्तुहरू समावेश भएको सहकारी संस्थाको विनियम,

(ञ) अनुसूची - १२ को ढाँचामा निर्वाचन कार्यक्रम,

(ट) अनुसूची - १३ को ढाँचामा उम्मेदवारी दरखास्त फाराम

(ठ) अनुसूची - १४ को ढाँचामा लेखा सुपरिवेक्षण समितिको त्रैमासिक/वार्षिक प्रतिवेदन

(ड) अनुसूची - १५ संस्था अनुगमन फारामको ढाँचा

(ढ) प्रस्तावित संस्थाको कार्यालय रहने सम्बन्धित वडाको सिफारिस पत्र,

(ण) कार्यक्षेत्रभित्र बसोबास गरेको पुष्ट्याइँ हुने प्रमाण,

(त) सम्पत्ति शुद्धीकरणसम्बन्धी भरिएको फाराम,

(थ)आवेदकहरूको नेपाली नागरिकता/राष्ट्रिय परिचयपत्रको प्रतिलिपि,

(द) पूर्व सहकारी शिक्षा लिएको प्रमाण

(ध) प्रस्तावित संस्थाको ऋण नीति र बचत नीति

**५. संस्था दर्ता गर्दा लिइने आधारहरूः** (१) सहकारी संस्था दर्ता गर्दा देहायका आधारमा गर्नु पर्नेछः-

(क) आवेदकहरूको हित मिल्दोजुल्दो हुनुपर्ने,

(ख) सदस्यको योग्यतामा संस्थाले दिने सेवा उपयोग गर्ने अवस्था हुनुपर्ने,

(ग) सदस्यता प्राप्तिमा कृत्रिम छेकवार हुने सर्त राखिनु नहुने,

(घ) संस्था सञ्चालनका महत्वपूर्ण विषयहरूमा साधारण सभाको निर्णय अनिवार्य हुने प्रावधान विनियममा हुनुपर्ने,

(ङ) निर्णय प्रक्रियामा सम्भव भएसम्म सबै सदस्यहरूको सहभागिताको सुनिश्चितता भएको हुनुपर्ने ।

(२) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्था दर्ता गर्दा प्रत्येक वडामा दुई हजार जनसङ्ख्या बराबर एउटामा नबढ्ने गरी गरिनेछ ।

(३) उपनियम (२) बमोजिम संस्था सङ्ख्या निर्धारण गर्दा नगरपालिकाभित्र कार्यक्षेत्र सीमित भएका छिमेक वा बसोवासको साझा बन्धनमा दर्ता गरिएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाहरूको मात्र आधार लिइनेछ ।

(४) उपनियम (२) बमोजिमको मापदण्डभन्दा बढी भएका सहकारी संस्थाहरूले ऐनको दफा ६५ बमोजिम एकीकरण गर्नुपर्नेछ ।

(५) बहुउद्देश्यीय, उत्पादनमूलक र सेवामूलक सहकारी संस्था सञ्चालनका आधारहरू देहायबमोजिम हुनेछन्:-

(क) बहुउद्देश्यीय सहकारी संस्थाको विनियमको उद्देश्यमा कम्तीमा दुई वटा व्यावसायिक परियोजना समावेश हुनु पर्नेछ ।

(ख) बहुउद्देश्यीय, उत्पादनमूलक र सेवामूलक सहकारी संस्थाले उत्पादन, प्रशोधन, वितरण,उपभोग, बजारीकरण तथा श्रम र सीपमा आधारित बहुमुखी उद्योग तथा परियोजनाहरूमा लगानी गर्नु पर्नेछ ।

(ग) कृषि लगायत दुग्ध उत्पादन, प्रशोधन, बजारीकरण र सेवामूलक व्यवसाय सञ्चालन गर्ने गरी दर्ता हुने सहकारी संस्थाले जुन प्रकृतिको संस्था दर्ता गर्ने हो सोही प्रकृतिको व्यवसायसँग मेल खाने गरी स्थल, वातावरणीय प्रभाव मूल्याङ्कन तथा मापदण्ड आदिको व्यवस्थापन गर्नु पर्नेछ ।

**६. तदर्थ समिति**: (१) संस्थाको दैनिक कार्य सञ्चालन गर्न र अर्को समितिको निर्वाचन गराउन रजिष्ट्रारले सदस्यहरूमध्येबाट सात जनाको एक तदर्थ समिति गठन गर्नु पर्नेछ ।

(२) उपनियम (२) बमोजिम तदर्थ समिति गठन गर्दा देहाय बमोजिमको आधार लिनु पर्नेछः-

(क) साविकमा कायम रहेको समितिको सदस्य वा त्यस्तो परिवारको सदस्य हुन नहुने,

(ख) एकै परिवारका एकभन्दा बढी सदस्य समितिमा रहेको हुन नहुने,

(ग) सदस्यको नाममा संस्थाका तिर्नुपर्ने भाखा नाघेको ऋण वा अन्य बाँकी बक्यौता रहेको हुन नहुने,

(घ) उपलब्ध भएसम्म जम्मा सदस्यको कम्तीमा तेत्तीस प्रतिशत महिला हुनुपर्ने ।

**७. सहकारी संस्थाको विनियम : (१)** ऐनको दफा १७ बमोजिम विनियम बनाउँदा सहकारी संस्थाले अनुसूची-११ मा उल्लिखित विषयहरू समावेश

गर्नुपर्नेछ ।

(२) बचत तथा ऋणको विषयगत संस्था बाहेक उत्पादक संस्था, सेवामूलक संस्था, बहुउद्देश्यीय संस्था र श्रमिक संस्थाले आफ्नो विनियममा बचत तथा ऋणको कारोबारलाई मुख्य उद्देश्यमा समावेश गर्नु हुँदैन ।

(३) सहकारी संस्थाको प्रकृति हेरी दर्ता गर्ने अधिकारीले थप विषयहरू विनियममा समावेश गर्ने गरी तोक्न सक्नेछ ।

(४) संस्थाको विनियम संशोधन गर्दा साधारण सभामा कायम रहेको कुल सदस्य सङ्ख्याको बहुमतबाट निर्णय गराई सोही बमोजिम संस्थाको विनियम संशोधनका लागि दर्ता अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ ।

(५) दर्ता गर्ने अधिकारी समक्ष स्वीकृतिको लागि विनियम वा विनियम संशोधनको प्रतिको हरेक पृष्ठको पुछारमा तदर्थ सञ्चालक समितिका सबै पदाधिकारीहरूले दस्तखत गरी प्रमाणित गर्नु पर्नेछ ।

(६) उपनियम (४) बमोजिम संशोधनका लागि आएको विनियम दर्ता अधिकारीले नियमानुसार स्वीकृत गर्नेछ । कुनै कारणवश अस्वीकृत भएमा कारणसहित सोको जानकारी शाखाले सम्बन्धित संस्थालाई दिनुपर्नेछ ।

**८. दर्ताको प्रमाणपत्रः** (१) ऐनको दफा ६ बमोजिम दर्ता भएका संस्थालाई प्रमुख प्रशासकीय अधिकृतले ऐनको अनुसूची-२ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र दिनेछ ।

(२) उपनियम (१) बमोजिम दिइने दर्ता प्रमाणपत्र नगरपालिकाभित्र कार्यक्षेत्र रहेका संस्थालाई मात्र प्रदान गरिनेछ ।

९. **पूर्व सहकारी शिक्षा लिनुपर्ने:**(१)सहकारी संस्था दर्ता गर्नुपूर्व संस्था दर्ताका लागि आवेदन गर्ने शेयरसदस्यहरूले कम्तीमा एक दिनको पूर्व सहकारी शिक्षा अनिवार्य रूपमा लिएको हुनुपर्नेछ ।

(२) पूर्व सहकारी शिक्षा सम्बन्धी तालिम सञ्चालन गर्न चाहने संघ संस्थाहरूले नगरपालिकामा आवेदन पेस गर्नु पर्नेछ । यस्तो तालिम सञ्चालन गर्न कार्यालयले जिल्ला सहकारी संघ, तथा विषयगत जिल्ला संघहरूलाई स्वीकृति दिन सक्नेछ ।

१०. **सहकारी शिक्षासम्बन्धी व्यवस्था**: (१).सहकारी संघ संस्थाहरूले आफ्नो सहकारी शिक्षा कोषमा रहेको रकम आनुपातिक रूपमा उपयोग गरी नियमित रूपमा सहकारी शिक्षासम्बन्धी ज्ञान शेयर सदस्यहरूलाई उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) नगरपालिका स्वयं वा नगरपालिका र सहकारी संस्थाहरूको साझेदारीमा नगरपालिकाभित्र कार्यक्षेत्र भएका सहकारी संस्थालाई समावेश गरी समयानुकूल आवश्यक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

११. **शेयर पुँजीसम्बन्धी मापदण्ड :** (१) संस्थाले जारी गर्ने कुल शेयर पुँजीको रकम संस्था दर्ता गर्न आवेदन गर्दा नै संस्थाको विनियममा उल्लेख गर्नु पर्नेछ ।

(२) संस्था दर्ताको बेला चुक्ता शेयर पुँजीको रकम कुल शेयर पुँजीको कम्तीमा बीस प्रतिशत हुनुपर्नेछ । यो अनुपात शेयर पुँजी वृद्धिका लागि निवेदन दिने बखतमा समेत कायम राख्नु पर्नेछ ।

(३) साधारण सभाको कुल सदस्यको बहुमत सदस्यहरूको निर्णयले संस्थाको शेयर पुँजी वृद्धि गर्न सकिनेछ ।

(४) उपनियम (३) बमोजिम शेयर पुँजी बृद्धि गर्ने निर्णय भएमा संस्थाले साधारण सभाको निर्णयसहित पुँजी वृद्धिका लागि नगरपालिकामा निवेदन पेस गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम पेस भएको शेयर पुँजी वृद्धिको प्रस्ताव दर्ता गर्ने अधिकारीले स्वीकृत गरेपछि लागू हुनेछ ।

(६). विनियममा तोकिएबमोजिमको शेयर पुँजी नघट्ने गरी मात्र अन्य कारोबार गर्न पाइनेछ ।

(७) सामान्यतया शेयर पुँजीलाई पर्ल्स अनुगमन प्रणालीको मापदण्डको आधारमा कुल सम्पत्तिको दस प्रतिशतमा नघट्ने गरी कायम गरी राख्नुपर्नेछ ।

**१२. संस्थाको नामकरण तथा नाम परिवर्तनसम्बन्धी व्यवस्थाः**(१) सहकारी संस्थाको नाम अर्थ खुल्ने गरी कम्तीमा दुई अक्षर भएको देवनागरी लिपीमा हुनु पर्नेछ । अनुवाद गरी अङ्ग्रेजी र नेपालीमा फरक नाम उल्लेख गर्न र नामका लागि संक्षिप्त अक्षरको प्रयोग गर्न पाइने छैन ।

(२) संस्थाको नामसँगै संस्था कुन विषयगत आधारमा दर्ता भएको हो ? सो कुरा स्पष्ट हुनु पर्नेछ र सहकारी संस्था लिमिटेड शब्दको प्रयोग अनिवार्य रूपमा गर्नु पर्नेछ ।

(३). सञ्चालनमा रहेका अन्य संस्थाहरूका नाममा हुबहु वा मिल्दोजुल्दो हुने गरी वा नामको अगाडि वा पछाडि उपसर्ग, प्रत्यय वा अन्य शब्द जोडी संस्था दर्ता गरिने छैन ।

(४) संस्थाको प्रस्तावित नाम यस अगाडि दर्ता भएका संस्थासँग मिल्दोजुल्दो भएको देखिएमा दर्ता गर्ने अधिकारीले अर्को नाम प्रस्ताव गर्न लगाउनेछ । त्यस्तो अवस्थामा प्रस्तावित संस्थाको तदर्थ सञ्चालक समितिको बहुमतको

निर्णयले अर्को नाम प्रस्तावित गर्न सक्नेछ ।

(५) तोकिएको भौगोलिक कार्यक्षेत्रभन्दा व्यापक कार्य क्षेत्र जनाउने नाम राखी संस्था दर्ता गरिने छैन ।

(६) एउटै जाति, धर्म, थर, वर्ग, समूह वा भाषालाई मात्र प्रोत्साहन हुने वा देखिने गरी सहकारी दर्ता गरिने छैन ।

(७) यसअघि दर्ता भएका संस्थाहरूको हकमा स्वीकृत विनियममा उल्लेख भएको उद्देश्य एवं कार्य अनुरूप विषय खुल्ने गरी नाम करण गर्न वा भएको नाम परिवर्तन गर्न साधारण सभाको कुल सदस्यको बहुमतले पारित गरी दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएमा संस्थाको नाम परिवर्तन हुनेछ ।

(८) उपनियम (७) बमोजिम नाम परिवर्तन गर्न स्वीकृति दिइएकोमा शेयरधनी एवं सरोकारवाला सबैलाई जानकारी गराउनका लागि स्थानीय वा राष्ट्रिय पत्रपत्रिका साथै विश्वसनीय सार्वजनिक सञ्चार माध्यमबाट सूचना प्रकाशित गर्नु पर्नेछ ।

**१३. सहकारी संस्थाको कार्यालय र साइन बोर्डसम्बन्धी व्यवस्था:** (१) सहकारी संस्थाको कार्यालय तोकिएको कार्यक्षेत्रभित्र बढीभन्दा बढी शेयर सदस्यहरूलाई पायक पर्ने स्थानमा स्थापना गर्नु पर्नेछ । यस प्रकारको कार्यालय रहने स्थानको बारेमा संस्थाको विनियममै उल्लेख गर्नु पर्नेछ ।

(२) संस्थाको बहुमत सदस्यको निर्णयद्वारा कार्यालय रहने स्थान परिवर्तन गर्न सकिनेछ। संस्थाको कार्यालय परिवर्तन भएमा कार्यालय सरेको मितिले सात दिनभित्रमा नगरपालिकालाई जानकारी दिनु पर्नेछ । सो विषय सबैलाई जानकारी गराउनका लागि सार्वजनिक सञ्चार माध्यमबाट सूचनासमेत प्रकाशित गर्नु पर्नेछ ।

(३). सामान्यतया एकै प्रकृतिको एकभन्दा बढी संस्थाको कार्यालय एउटै भवन वा घरमा स्थापना गर्नु हुँदैन । एउटै भवन वा घरमा एक भन्दा बढी एकै प्रकृतिको संस्थाहरूको कार्यालय भएमा पछि खोलिएको संस्थाको कार्यालय अन्य उपयुक्त ठाँउमा सार्न नगरकार्यपालिकाको सहकारी शाखाले निर्देशन दिन सक्नेछ । निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

(४) प्रत्येक संस्थाले दर्ता प्रमाणपत्रमा उल्लेख भए बमोजिम संस्थाको नाम, दर्ता नम्बर, दर्ता भएको साल समेत खुलाई नेपाली भाषामा साइन बोर्ड लेखी संस्थाको कार्यालयमा सबैले देख्ने ठाँउमा राख्नु पर्नेछ ।

(५) सहकारी संस्थाको साइन बोर्डको रङ हल्का हरियो रङको पृष्ठभूमिमा सेतो रङको अक्षरले लेखिएको हुनु पर्नेछ ।

**१४. पदाधिकारी तथा सदस्यहरूको विवरणः** संस्थाकासञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूको नाम, पद, सम्पर्क नंम्बर सहितको विवरण संस्थाको कार्यालयमा सबैले देख्ने गरी राख्नु पर्नेछ ।

**१५. वडापत्र र सूचना अधिकारीसम्बन्धीः** (१)संस्थाले प्रदान गर्ने सेवा सुविधा, संस्थाको वित्तीय प्रगति, संस्थाले लिने व्यवस्थापन शुल्क, ढुवानी शुल्क, वस्तु तथा सेवाको मूल्य सूची, ब्याजदर तथा अन्य दस्तुर सहितको विस्तृत विवरण समावेश गरी संस्थाको कार्यालयमा सबैले देख्ने गरी बडापत्र बनाई राख्नुपर्नेछ ।

(२) संस्थाको काम कारवाही र गतिविधिको बारेमा जानकारी दिन सूचना अधिकारी तोक्नु पर्नेछ ।

(३) उपनियम (२)बमोजिम तोकिएको सूचना अधिकारीको नाम, पद, सम्पर्क नम्बर, फोटोसहितको विवरण संस्थाको कार्यालयमा सबैले देख्ने गरी टाँस गर्नु पर्नेछ ।

१६. **<u>सहकारी संस्थाको कार्यक्षेत्रसम्बन्धी व्यवस्थाः</u>** (१)ऐनको दफा ९ बमोजिम संस्थाको कार्यक्षेत्र सदस्यको सीप, पेसा र प्रकृति समेतबाट फराकिलो क्षेत्र आवश्यक पर्ने देखिएमा नगरपालिका क्षेत्रसम्म हुनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्तावित कार्यक्षेत्रको कुनै वडामा संस्थाका आवेदकहरूको बसोबास नभएको भए त्यस्तो वडा कार्यक्षेत्रमा समावेश गरिने छैन ।

(३) ऐनको दफा ९ बमोजिम कार्यक्षेत्र विस्तार गर्दा देहायका विशेष व्यावसायिक आवश्यकताको आधार लिनु पर्नेछ :-

(क) उत्पादनको सर्ालन, सञ्चय, प्रशोधन सुविधाका दृष्टिले न्यूनतम आयतन (भोल्युम) कायम गर्न आवश्यक भएको,

(ख) निश्चित भौगोलिक क्षेत्रसम्म उत्पादन क्षेत्र कायम भएको, सिँचाइ सुविधा, प्राविधिक रेखदेख, रोगव्याधि नियन्त्रणका दृष्टिले उपयुक्त एकाइ कायम गर्नुपर्ने भएको,

(ग) सेवाको माग, प्रतिएकाइ लागत, सञ्चालन खर्च, व्यवस्थापकीय रेखदेख, स्थिर सम्पत्तिको उपयोग समेतबाट कार्यक्षेत्रको विस्तार आवश्यक भएको ।

तर संस्थाको मौजुदा कार्यक्षेत्रमा सदस्यता एवं व्यावसायिक सेवा विस्तारको मनासिब स्तर हासिल नभएसम्म त्यस्तो संस्थाको कार्यक्षेत्र विस्तार गरिने छैन ।

(४) ऐन तथा यस नियमावली बमोजिम संस्थाको कार्यक्षेत्र विस्तार गर्दा देहायको प्रक्रिया पूरा गर्नु पर्नेछ :-

(क) मौजुदा कार्यक्षेत्रमा संस्थाको सदस्यता एवं सेवा विस्तारको लेखाजोखा गरिएको,

(ख)थप गरिने कार्यक्षेत्रमा संस्थाको सेवा माग भएको,

(ग) ऐनको दफा २२ को उपदफा (१) विपरीत दोहोरो सदस्यता नहुने अवस्था सुनिश्चित गरिएको,

(घ) विनियम संशोधनको प्रक्रिया पूरा भएको ।

(५) ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका संस्थाहरूको कार्यक्षेत्र कायमगर्ने प्रयोजनको लागि त्यस्ता संस्थाहरूले पेस गर्ने कार्य सञ्चालन प्रतिवेदनमा ऐनको दफा९को उपदफा (१) र (२) मा उल्लिखित विवरणहरूको अतिरिक्त देहायका विवरण समेतसंलग्न गर्नु पर्नेछ :-

(क) मौजुदा कार्यक्षेत्रमा संस्थाका शाखा कार्यालय, सेवा केन्द्र वासम्पर्क केन्द्र अनुसारको सञ्चालन खर्च, कारोबार र नाफानोक्सानको विवरण,

(ख) मौजुदा कार्यक्षेत्रको वडा अनुसारसदस्यहरूको नाम, थर, ठेगाना, शेयर र बचतको विवरण,

(ग) मौजुदा कार्यक्षेत्रमा संस्थाले सञ्चालन गरेका उद्योग, लगानी रव्यावसायिक सेवा सुविधाहरूको वडाअनुसारको विवरण ।

(६) ऐनको दफा ९ को उपदफा (५) बमोजिम सहकारी संस्थाको मौजुदा कार्यक्षेत्रझिकी कार्यक्षेत्र घटाउँदा झिकिने कार्यक्षेत्रभरिको सदस्य सङ्ख्या संस्थाको कुल सदस्य सङ्ख्याको पन्ध्र प्रतिशतभन्दा कम सदस्य सङ्ख्या भएको हुनु पर्नेछ ।

(७) ऐनको दफा ९ को उपदफा (६) बमोजिम सहकारी संस्थाको मौजुदा कार्यक्षेत्र भित्रको वडा झिकी कार्यक्षेत्र घटाउँदा झिकिने कार्यक्षेत्र भरिको गरी पाँच करोड रुपैयाँ वा जम्मा कारोबारको पन्ध्र प्रतिशतमा जुन घटी हुन्छ सोभन्दा कम व्यावसायिक सेवा सञ्चालन भएको हुनु पर्नेछ ।

**स्पष्टीकरण** : यस उपनियमको प्रयोजनको लागि “कारोबार" भन्नाले संस्था वासङ्घले सञ्चालन गरेको व्यावसायिक क्रियाकलापहरूमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्यतर्फको खरिद वा बिक्री कारोबारको जोड सम्झनु पर्छ ।

**१७. <u>सेवाकेन्द्र, बिक्रीकेन्द्र, सम्पर्क कार्यालयः</u>(१)** नगरपालिकाभरि कार्यक्षेत्र कायम भएको संस्थाले व्यावसायिक योजना, औचित्य र आवश्यकताको आधारमा मुख्य कार्यालय बाहेक आवश्यकतानुसार सेवाकेन्द्र, बिक्रीकेन्द्र, डिपो वा सम्पर्क कार्यालय सञ्चालन गर्न सक्नेछ । यसरी स्थापना हुने

कार्यालयको भौगोलिक दूरी संस्थाको मुख्य कार्यालयभन्दा कम्तीमा पाँच कि.मी.को दूरीमा कायम गर्नु पर्नेछ ।

(२) सहकारी संस्थाहरू एकीकरण भएको अवस्थामा एकीकरण हुनुभन्दा अगाडि कायम भएका सेवा केन्द्र वा बिक्री केन्द्रहरूको सङ्ख्या बढाउन पनि सकिनेछ ।

**१८. विषय परिवर्तनसम्बन्धी व्यवस्थाः**(१) कुनै सहकारी संस्थाका सदस्यहरूले आफ्नो व्यावसायिक आवश्यकताको आधारमा दर्ता हुँदाको बखतको विषय परिवर्तन गर्न चाहेमा साधारण सभामा कायम रहेको कुल सदस्य सङ्ख्याको बहुमतबाट निर्णय गराई सोहीबमोजिम संस्थाको विनियममा समेत संशोधन गरी सोको स्वीकृतिका लागि दर्ता अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१)बमोजिम विनियम संशोधन गर्दा प्रचलित ऐन तथा यस नियमावलीको अधीनमा रही गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम कुनै निवेदन प्राप्त भएमा दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी संशोधन गरिएको विनियम स्वीकृत गर्न सक्नेछ ।

**१९. संयुक्त रूपमा वा साझेदारीमा कारोबार, व्यवसाय, परियोजना सञ्चालनः**(१) एकै वा फरक प्रकृतिका दुई वा दुईभन्दा बढी संस्था वा सङ्घले अन्तर सहकारी सहयोगको भावनाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणका लागि देहाय बमोजिमका आधारमा कारोबार, व्यवसाय वा उद्योग वा परियोजनाहरू सञ्चालन गर्न सक्नेछन्:-

(क) सम्बन्धित संस्थाको उत्पादनमा मूल्य शृङ्खला विकास, बजार पहुँच वा निर्यात प्रबन्धको प्रयोजन हुनुपर्ने,

(ख) प्रस्तावित कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको स्वामित्व, स्रोत परिचालन, सञ्चालन विधि, सदस्यहरूको लोकतान्त्रिक नियन्त्रण प्रणाली, प्रतिफल वितरण लगायत

व्यावसायिक प्रस्तावनाको विस्तृत रूपरेखा तयार गरिएको हुनुपर्ने,

(ग) खण्ड (ख) बमोजिमको प्रस्तावना, सम्बद्ध संस्थाहरू प्रत्येकको साधारण सभाको कुल सदस्य सङ्ख्याको बहुमतबाट पारित भएको हुनुपर्ने,

(घ) खण्ड (ग) बमोजिम पारित प्रस्तावना संयुक्त रूपमा वा साझेदारीमा कार्यान्वयन गर्ने सम्बन्धमा सम्बद्ध संस्थाहरू बीच कम्तीमा पाँच वर्षको करार बन्दोबस्त भएको हुनुपर्ने,

(ङ) प्रस्तावित संयुक्त वा साझेदारी कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको सम्भाव्यता अध्ययनबाट सम्भाव्य देखिएको हुनुपर्ने,

(च) प्रचलित कानुनबमोजिम नगरपालिका वा अन्य निकायमा प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय स्वीकृत वा दर्ता गर्नुपर्ने भए गरिएको हुनुपर्ने,

(छ) प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय सञ्चालन गर्नका लागि प्रचलित कानुनबमोजिम कुनै निकायबाट इजाजत, सहमति वा स्वीकृति लिनुपर्ने भए लिएको हुनुपर्ने ।

(२).उपनियम (१) बमोजिम कार्य पूरा गरी सम्बन्धित संघ, संस्थाहरूले तत्सम्बन्धी सम्पूर्ण कागजात संलग्न राखी दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त निवेदन उपर दर्ता गर्ने अधिकारीले

पन्ध्र दिनभित्र आवश्यक जाँचबुझ गरी संयुक्त रूपमा वा साझेदारीमा कारोबार, उद्योग वा व्यवसाय सञ्चालन गर्ने अनुमति दिन सक्नेछ ।

(४) उपनियम (४) बमोजिम अनुमति दिएकोमा दर्ता गर्ने अधिकारीले सोको अभिलेख छुट्टै दर्ता किताबमा दर्ता गरी राख्नु पर्नेछ ।

(५) यस नियम बमोजिम दर्ता भएको संयुक्त वा साझेदारी कारोबार वा व्यवसाय वा उद्योग वा परियोजनाले नियमित रूपमा प्रगति प्रतिवेदनका साथै वार्षिक लेखापरीक्षण प्रतिवेदन पेस गर्नुपर्नेछ ।

(६) संयुक्त वा साझेदारी कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालनका सम्वन्धमा नगरपालिकाले आवश्यक सर्त र मापदण्ड तोक्न सक्नेछ ।

## परिच्छेद-३

## दर्ता गर्ने अधिकारी (रजिष्ट्रार) को काम, कर्तव्य र अधिकार

२०. **रजिष्ट्रार (दर्ता गर्ने अधिकारी)को काम, कर्तव्य र अधिकारः** रजिष्ट्रार (दर्ता गर्ने अधिकारी)को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) सहकारी संस्था दर्ता गर्नका लागि परेका दरखास्त उपर आवश्यक जाँचबुझ गरी दर्ता गर्ने र दर्ताको प्रमाणपत्र दिने ।

(ख) ऐन र यस नियमावलीको अधीनमा रही सहकारी संस्थाले आफ्नो कार्य सञ्चालन गर्न बनाएको विनियम स्वीकृत गर्ने ।

(ग) ऐन र विनियमको अधिनमा रही सहकारी संस्थाको एकीकरण, विभाजन, कार्यक्षेत्र पुनःनिर्धारण गर्ने, सेवा केन्द्र थपघटको स्वीकृति दिने ।

(घ) नियमित रूपमा सहकारी संस्थाको निरीक्षण, नियमन, अभिलेख जाँच गर्ने ।

(ङ) स्थापित सूचना प्रणालीका आधारमा सहकारी संस्थाहरूको नियमित अनुगमन गरी आवश्यक निर्देशन दिने ।

(च) सहकारी संस्थाको लेखापरीक्षणको नियमित अनुगमन गरी निर्धारित अवधिभित्र लेखापरीक्षण नगराउने सहकारी संस्थाहरूको लेखापरीक्षण गराउन निर्देशन दिने ।

(छ) ऐन, नियमावली र यस अर्न्तगत बनेका मापदण्ड, निर्देशिका, कार्यविधि र विनियम बमोजिम कार्य नगर्ने सहकारी संस्थाहरूलाई ऐनमा भएबमोजिम जरीवाना र अन्य कारबाही गर्ने ।

(ज) आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सहकारी संस्थाको वार्षिक निरीक्षण प्रतिवेदन नगरकार्यपालिकामा पेस गर्ने ।

# परिच्छेद-४

## साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समिति

**२१. मिति, समय र स्थान तोक्ने :** (१) समितिले साधारण सभाको बैठक बस्ने कम्तीमा तीस दिनअगावै मिति, समय र स्थान तोकी कार्यसूची सहितको सूचना सदस्यको ठेगानामा पुग्ने गरी पठाउनु पर्नेछ ।

(२) दुई हजारभन्दा बढी सदस्य भएको र दुई वटा भन्दा बढी वडा कार्यक्षेत्र भएको संस्थाले साधारण सभा हुनुभन्दा एक महिना अगाडिदेखि नै तोकिएको कार्यसूचीमा छलफल गर्ने गरी वडा वा पायक पर्ने स्थानमा सदस्यहरूलाई भेला डाकी क्षेत्रीय सभा गर्ने, सञ्चालक र लेखा सुपरिवेक्षण समितिको प्रतिनिधिको रोहवरमा तोकिएको विषयहरू उपर छलफल गर्ने, संक्षिप्त प्रतिवेदन तयार गर्ने र उपस्थित सदस्यहरू मध्ये दश जना सदस्य बराबर एक जना हुने गरी अन्तिम साधारण सभाको लागि प्रतिनिधि छनौट गर्ने गरी प्रतिनिधिमूलक साधारण सभाको व्यवस्था गर्नु पर्नेछ ।

(३) नगरपालिका क्षेत्रभरि कार्यक्षेत्र भएका संस्थाको साधारण सभाको क्षेत्रीय बैठक बोलाउँदा समितिले उपनियम (१) मा उल्लिखित म्याद अगावै साधारण सभाको कुन-कुन क्षेत्रीय बैठक कुन-कुन मिति, समय र स्थानमा आयोजना गरिने हो प्रस्टसँग खुल्ने गरी तालिका स्वीकृत गराउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको तालिकामा संस्थाको सदस्यताको आकार, कार्यक्षेत्रको फैलावट र भौगोलिक अवस्थिति समेतको विचार गरी साधारणतया एक क्षेत्रीय बैठकपछि दुईदेखि चार दिनको फरक पारी अर्को क्षेत्रीय बैठक राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

२२. **कार्यसूची निर्धारण :** (१)साधारण सभाको बैठक बस्ने मिति, समय र स्थान तोक्दा समितिले बैठकको कार्यसूची समेत निर्धारण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको कार्यसूची सबै एकाइका लागि समान रूपमा प्रयोग गर्न मिल्ने गरी बनाउनु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम कार्यसूची निर्धारण गर्दा देहायका कुरा विचार गर्नु पर्नेछ :

(क) कार्यसूचीको प्रत्येक विषय विशेषको शीर्षक दिनुपर्ने,

(ख) एउटा शीर्षकमा एक मात्र विषय पर्नु पर्ने,

(ग) कार्यसूचीमा समितिका तर्फबाट अध्यक्षले पेस गर्ने गरी 'विविध', 'अन्य कुनै विषय' वा विषय प्रस्ट नखुलेको त्यस्तै प्रकारको शीर्षक समावेश गर्न नहुने,

(घ) ऐनको दफा २६, २७ वा अन्यत्र उल्लिखित विषयका साथै नियमावली वा प्रदेश कानुन वा स्थानीय तहको कानुन र संस्थाको विनियमबमोजिम साधारण सभाको विचारार्थ पेस गर्नुपर्ने विषयहरू कार्यसूचीमा समावेश हुनुपर्ने,

(ङ) कार्यसूचीमा देहायका शीर्षक समावेश गर्नुपर्नेः-

(१) 'समिति, लेखा सुपरिवेक्षण समिति वा साधारण सभाबाट गठित अन्य समिति वा उपसमिति वा संस्थागत प्रतिनिधिको तर्फबाट पेस हुने बाहेक प्रस्तुतकर्ता सदस्यले पेस गर्ने प्रस्तावको विषय;

(२) नियमनकारी निर्देशनको जानकारीको विषय;

(३) लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन विषय;

(४) संस्थागत प्रतिनिधिको जानकारीको विषय र

(५) प्रश्न वा सुझावको विषय ।

(४) निर्वाचनको कार्य समेत गर्ने गरी साधारण सभा आयोजना गर्दा नियमित कार्यसूचीका विषयउपर बैठकको कारवाही सकिएको भोलिपल्ट निर्वाचनको कार्यसूची राख्नु पर्नेछ ।

तर पर्याप्त समय रहने अवस्थामा नियमित कार्यसूचीका विषय उपर बैठकको कारवाही सकिएकै दिन निर्वाचनको कार्यसूची राख्न बाधा पर्ने छैन ।

(५) साधारण सभाको बैठकमा निर्वाचनको कार्य समेत समावेश हुनेमा समितिले नियम २३ को उपदफा (१) बमोजिमको निर्वाचन उपसमितिसँग परामर्श गरी कार्यसूची स्वीकृत गर्नु पर्नेछ ।

**२३. निर्वाचन कार्यसूचीको एकीकरणः** (१) समितिले दफा १८ बमोजिम साधारण सभाको बैठकको मिति, समय र स्थान तोक्नुअगावै विनियमबमोजिम गरी निर्वाचन उपसमिति गठन गर्नु पर्नेछ ।

तर स्वयम् उम्मेदवार हुन चाहने व्यक्ति निर्वाचन उपसमितिमा बस्न हुँदैन ।

(२) संस्थाले समितिको निर्णयसहित माग गरी नियामक निकायबाट प्रतिनिधि खटाइएकोमा नियामक निकायको प्रतिनिधिले नै सामान्यतया निर्वाचन उपसमितिको संयोजकको रूपमा काम गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम नियामक निकायबाट प्रतिनिधि माग नगरिएको वा गरिएको भए तापनि नियामक निकायबाट प्रतिनिधि नखटाइएकोमा समितिले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमा कार्यरत कर्मचारी, विद्यालयका बहालवाला स्थायी शिक्षक वा नेपाल बार एसोसियसनको सदस्य रहेको कानुन व्यवसायीलाई निर्वाचन उपसमितिको संयोजक

नियुक्त गर्न सक्नेछ ।

तर संस्थाको कानुनी सल्लाहकार वा वर्तमान समितिको कार्यावधिमा संस्था पक्ष वा विपक्ष भएको मुद्दाको पक्ष वा विपक्षमा बहसमा संलग्न रहेको कानुन व्यवसायीलाई निर्वाचन उपसमितिको संयोजकमा नियुक्त गर्न हुँदैन ।

(४) निर्वाचन उपसमितिले दफा १९ को उपदफा (४) बमोजिम कार्यसूचीसँग तादात्म्य राखी अनुसूची–१२को ढाँचामा निर्वाचन कार्यक्रम प्रकाशन गर्नुपर्नेछ ।

(५) साधारण सभाको एकाइ बैठक बस्नेमा उपनियम (४) बमोजिमको निर्वाचन कार्यक्रममा अनुसूची -१२ को ढाँचामा दिइएका कार्यहरू देहायबमोजिम सम्पन्न गर्ने व्यवस्था मिलाउनु पर्नेछ :-

(क) खण्ड 'क' अन्तर्गतका कार्यहरू साधारण सभाको पहिलो एकाइ बैठक बस्ने एक दिन अगावै;

(ख) खण्ड 'ख' अन्तर्गतका कार्यहरू साधारण सभाको प्रत्येक एकाइ बैठकको निर्धारित कार्यसूची अनुसार र

(ग) खण्ड 'ग' अन्तर्गतका कार्यहरू साधारण सभाको अन्तिम एकाइ बैठक बसे लगत्तै

(६) सामान्यतया निर्वाचन कार्यक्रम भएको साधारण सभा वोलाएपछि नयाँ सदस्यता निर्वाचन हुने १ महिना अगावै देखि सदस्यता दिने कार्य स्थगन गर्नुपर्नेछ ।

**२४. <u>साधारण सभाको बैठकको सूचनाः</u>** (१) नियम २१ बमोजिम साधारण सभाको बैठक आयोजना तालिका स्वीकृत गरे लगत्तै समितिले यथाशक्य पत्रसमेत पठाएर राष्ट्रिय वा स्थानीय पत्रपत्रिकामा, 'एसएमएस', एफएम

रेडियोलगायतका सञ्चारका बहुमाध्यम उपयोग गरी तत्सम्बन्धमा सबै सदस्यहरूलाई सूचना दिने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचनामा सदस्य, संस्थागत प्रतिनिधि वा पदाधिकारीहरूको उपस्थितिबारेको व्यहोरा समेत खुलाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सूचना दिँदा कार्यसूचीसमेत राखी र कार्यसूची नराखिएकोमा कार्यसूची कहाँ, कसरी हेर्न सकिन्छ ? भन्ने खुलाउनु पर्नेछ ।

(४).नियमित एकाइ बैठकको व्यवस्था गरिएकोमा समितिले स्वीकृत गरेको तीन दिनभित्र कार्यसूचीसमेत बैठकको मिति, समय र स्थानका सम्बन्धमा नियमित एकाइ बैठकमा जानकारी गराउने गरी एकाइ संयोजन समितिमा पठाउने व्यवस्था मिलाउनु पर्नेछ र एकाइ संयोजन समितिले पनि यथाशीघ्र नियमित एकाइ बैठक राखी तदनुसारको जानकारी गराउनु पर्नेछ ।

(५) लेखापरीक्षक र निर्वाचन उपसमितिका संयोजक तथा सदस्यहरूलाई पत्रबाट समेत समयमै साधारण सभाको बैठकको मिति, समय र स्थान समेत खुलाई कार्यसूचीको जानकारी दिनु पर्नेछ ।

**२५. नियामक निकायमा जानकारी पठाउनुपर्ने** : (१) संस्थाले दफा २१ को उपदफा (१) बमोजिम सदस्यहरूलाई सूचना जारी गरिएको तीन दिनभित्र साधारण सभाको बैठकको मिति, समय र स्थान तथा कार्यसूची समेतको सूचनाको जानकारी नियामक निकायमा पठाउनु पर्नेछ ।

(२) संस्थाले उपदफा (१) बमोजिमको सूचनाको प्रति एकीकृत व्यवस्थापन सूचना प्रणालीमा सम्प्रेषण गरेको भएमा पनि नियामक निकायमा जानकारी पठाएको मानिनेछ ।

२६. **औपचारिकतामा अधिक समय र धन खर्च गर्न नहुने**: साधारण सभाको बैठकका लागि निर्धारित समय उद्घाटन लगायतको औपचारिकतामा अधिक खर्च नगरी कार्यसूचीमा रहेका विषयहरूमा छलफलका लागि छुट्याउनु पर्नेछ साथै साधारण सभा सञ्चालन भड्किलो र खर्चिलो रूपमा गर्नु हुँदैन । त्यसो गरेको पाइएमा सहकारी शाखाले सचेत गराउन सक्नेछ । सभामा गरिने खर्चको मापदण्ड तयार गरी वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गर्ने साथै खर्च गर्ने स्पष्ट आधार, जिम्मेवारी तथा खर्चको सीमा समितिबाट पूर्व निर्णय गरी कार्यान्वयन गर्नु पर्नेछ ।

२७. **निर्णय प्रमाणित गर्नेः** साधारण सभाको बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्ति, उपस्थित सञ्चालकहरूका साथै समितिको कुल सदस्य सङ्ख्याभन्दा कम्तीमा एकजना बढी हुने गरी पदाधिकारी नरहेका उपस्थित सदस्यहरूमध्येबाट सभाले चुनेका सदस्यहरूले प्रत्येक पानामा सहीछाप गरी प्रमाणित गर्नुपर्दछ ।

२८. **प्रतिवेदन पेस गर्नुपर्नेः** साधारण सभाको निर्णय प्रमाणीकरणका लागि सभाबाट छनौट भएका प्रतिनिधी सहितको सञ्चालकहरूले प्रमाणित गरेको अन्तिम प्रतिवेदन साधारण सभा सम्पन्न भएका पन्ध्र दिनभित्र नगरपालिकाको सहकारी शाखामा पेस गर्नुपर्नेछ ।

२९. **रजिष्ट्रार, दर्ता अधिकारी वा दर्ता गर्ने अधिकारीले साधारण सभाको बैठक बोलाउँदाको प्रक्रिया** : (१) ऐनको दफा २९ को उपदफा (३) बमोजिम दर्ता अधिकारीले त्यस्तो साधारण सभा बोलाउन सक्नेछ ।

(२) नियम २३ वा संस्थाको विनियममा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम बोलाइएको साधारण सभामा ऐनको दफा ३१ को उपदफा (४) बमोजिम समितिको निर्वाचन नगराएमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्था सदस्य रहेको माथिल्लो सङ्घ भए सो सङ्घको

प्रतिनिधिलाई समावेश गरी उपयुक्तताका आधारमा निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य गर्ने गराउनेछ ।

३०. **सञ्चालकहरूको योग्यतासम्बन्धी व्यवस्था:** (१). सञ्चालक समितिको पदाधिकारी तथा सदस्यको उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :-

(क) सम्बन्धित सहकारी संस्थाको सदस्यता लिएको कम्तीमा तीन वर्ष पुगेको,

तर प्रारम्भिक साधारण सभाबाट निर्वाचित हुने समितिका पदाधिकारी तथा सदस्यहरूको हकमा यो नियम लागू हुने छैन ।

(ख) संस्थालाई तिर्नु, बुझाउनु पर्ने बेरुजु वा भाखा नाघेको कर्जा वा बक्यौता रकम नरहेको,

(ग) बैङ्क तथा वित्तीय संस्थाबाट कर्जा लिई कालो सूचीमा नपरेको,

(घ) सहकारी व्यवस्थापन सम्बन्धी तालिम लिएको,

(२) ऐनको दफा ३० को उपदफा (२) बमोजिम महिला सदस्यको प्रतिनिधित्व गराउँदा अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एक जना महिला हुनुपर्नेछ ।

(३) सञ्चालक समितिका सदस्यहरूमध्ये कम्तीमा एक जना जुन विषयको सहकारी हो, सो सम्बन्धी ज्ञान हासिल गरेको हुनु पर्नेछ ।

(४) यो नियमावली लागू हुनु अगाडि दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाहरूले नियमावली प्रारम्भ भएको मितिले छ महिनाभित्रमा आफ्ना सञ्चालकहरूको लागि सहकारी व्यवस्थापनसम्बन्धी तालिमको व्यवस्था गर्नुपर्नेछ ।

**३१. लेखा सुपरिवेक्षण समितिका पदाधिकारीको योग्यता:** (१) ऐनको दफा (३७) बमोजिम गठित लेखा सुपरिवेक्षण समितिको संयोजक तथा सदस्यको उम्मेदवार हुन देहाय बमोजिमको योग्यता हुनु पर्नेछः-

(क) सम्बन्धित सहकारी संस्थाको सदस्यता लिएको कम्तीमा तीन वर्ष पुगेको,

तर प्रारम्भिक साधारण सभाबाट निर्वाचित हुने लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यहरूको हकमा यो नियम लागु हुनेछैन ।

(ख) संस्थालाई तिर्नु, बुझाउनु पर्ने बेरुजु वा भाखा नाघेको कर्जा वा बक्यौता रकम नरहेको,

(ग) संस्थाले आफै वा अन्य निकायले आयोजना गरेको लेखापालन वा पर्ल्स विश्लेषण वा लेखापरीक्षणसँग सम्बन्धित तालिम लिएको,

(२) लेखा सुपरिवेक्षण समितिमा कम्तीमा एकजना सदस्य लेखासम्बन्धी ज्ञान भएको हुनु पर्नेछ ।

(३) यस भन्दा अगाडि दर्ता भई सञ्चालनमा रहेका संस्थाले यो नियमावली प्रारम्भ भएको मितिले छ महिनाभित्रमा आफ्नो लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूको लागि लेखापालन वा पर्ल्स विश्लेषण वा लेखापरीक्षणसँग सम्बन्धी तालिमको व्यवस्था गर्नु पर्नेछ ।

**३२. सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिको बैठक:** (१) सञ्चालक समितिको बैठक अध्यक्षको निर्देशनमा समितिको सचिवले मिति, समय, स्थान र छलफलका विषय तोकी बोलाउनु पर्नेछ ।

(२) सञ्चालक समितिको बैठक मासिक रूपमा बस्नेछ । समितिले उचित

ठानेमा आवश्यकतानुसार सोभन्दा बढी पटक समेत बैठक बस्न सक्नेछ ।
तर दुई बैठक बीचको अवधि ४५ दिनभन्दा बढी हुने छैन ।

(३). उपनियम (२) को अवधिभित्र उपनियम (१) बमोजिमको बैठक नबोलाइएमा बहुमत सदस्यले हस्ताक्षर गरी बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गर्न सक्नेछन् र त्यस्तो अनुरोध प्राप्त भएमा अध्यक्षले सात दिनभित्र बैठक बोलाउनु पर्नेछ ।

(४). उपनियम (३) बमोजिमको बैठक नबोलाइएको अवस्थामा बहुमत सञ्चालक सदस्यहरू उपस्थित भई ज्येष्ठ सञ्चालकले बैठकको अध्यक्षता गर्ने गरी बैठक राख्न सक्नेछ ।

(५). समितिको बैठकको निर्णय सोही दिन लिखत गरी अध्यक्षता गर्ने व्यक्तिका साथै बहुमत सञ्चालकहरूबाट प्रमाणित गर्नुपर्नेछ ।

(६). समितिको बैठकको गणपूरक सङ्ख्या समितिको कुल सदस्य सङ्ख्याको बहुमत हुनेछ ।

(७) बैठकको अध्यक्षता समितिको अध्यक्षले, निज उपस्थित नभएमा उपाध्यक्षले र निज समेत उपस्थित नभएमा सञ्चालकहरूमध्ये ज्येष्ठ सदस्यले गर्नेछ ।

(८). सामान्यतया लेखा सुपरिवेक्षण समितिको बैठक कम्तीमा तीन महिनामा एक पटक बस्नुपर्नेछ । आवश्यकतानुसार सोभन्दा बढी पनि बस्न सक्नेछ ।

(९). सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको बैठक छुट्टै बस्नु पर्नेछ ।

तर वार्षिक समीक्षा, योजना निर्माण जस्ता विषयमा छलफल गर्दा बैठकहरू संयुक्त रूपमा समेत बस्न सक्नेछ ।

(१०) लेखा सुपरिवेक्षण समितिको नियमित बैठकको छुट्टै अभिलेख राख्नु पर्नेछ ।

(११) लेखा सुपरिवेक्षण समितिले कम्तीमा प्रत्येक त्रैमासिकमा र वार्षिक रूपमा आन्तरिक लेखा परीक्षण गरी त्यसको प्रतिवेदन **अनुसूची-१३** को ढाँचामा सञ्चालक समिति समक्ष बुझाउनु पर्नेछ । वार्षिक प्रतिवेदन साधारण सभा समक्ष समेत पेस गर्नु पर्नेछ ।

**३३. <u>वित्तीय प्रतिवेदन सार्वजनिक गर्नुपर्ने</u>:**(१) सहकारी संस्थाका सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिले वार्षिक रूपमा वित्तीय तथा प्रगति प्रतिवेदन साधारण सभा मार्फत सार्वजनिक गर्नुपर्नेछ ।

(२). सहकारी संस्थाले साधारण सभाको वार्षिक प्रतिवेदन र मासिक प्रतिवेदन नियमित रूपमा सहकारी शाखामा बुझाउनु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिमका विवरणहरू व्यवस्थापन सूचना प्रणाली (COPOMIS)मा समेत प्रविष्टि गर्नु पर्नेछ ।

(४) उपनियम (१ बमोजिमका वित्तीय तथा प्रगति विवरणको संक्षिप्त अंश तयार गरी सबै सदस्यहरूले देख्नेगरी संस्थाको सूचना पाटीमा समेत टाँस गर्नुपर्नेछ ।

## परिच्छेद-५

## बचत तथा ऋण परिचालन

**३४.सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोबार गर्नेः** (१) सहकारी संस्थाले आफ्ना सदस्यहरूको मात्र बचत स्वीकार गर्न, सोको परिचालन गर्न र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको मुख्य कारोबार गर्नेगरी दर्ता भएको संस्था बाहेक अन्य विषयगत वा बहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोबार गर्न पाउने छैन ।

**३५. बचत तथा ऋणको कारोबार सम्बन्धी बिशेष व्यवस्थाः**(१) ऐनमा भएको व्यवस्थाका अतिरिक्त सहकारी संस्थाहरूले वित्तीय (बचत तथा ऋणको) कारोबार सञ्चालन गर्दा देहायका मापदण्डभित्र रही कार्य गर्नु पर्नेछः-

(क) दश लाख रूपैयाँभन्दा बढीको बचत निक्षेप स्वीकार गर्दा सम्पत्ति शुद्धिकरण निवारण निर्देशिकाबमोजिम आयस्रोत खुल्ने गरी लेखा राख्ने व्यवस्था गर्नु पर्ने,

(ख) दश लाख रूपैयाँभन्दा बढीको ऋण लगानीमा अनिवार्य सूचीकृत भएका संस्थागत मूल्याङ्कनकर्ता (भ्यालुएटर) बाट धितो मूल्याङ्कन गरी लगानी गर्नु पर्ने,

(ग) संस्थाका सञ्चालक एवं लेखा समितिका ४९ प्रतिशतभन्दा बढी पदाधिकारीहरूलाई एकै अवधिमा ऋण लगानी गर्न नपाइने,

(घ).संस्थाका सञ्चालक, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी,

सल्लाहकार, उपसमितिका पदाधिकारी तथा कर्मचारी र तिनका परिवार समेतले लिएका कर्जा कारोबारको विवरण अर्धबार्षिक रूपमा तोकिएको ढाँचामा शाखामा बुझाउनु पर्ने,

(ङ).संस्थाले आफ्ना सदस्यहरूलाई ऋण लगानी गर्दा उचित धितो, जायजेथा र बचत निक्षेप रोक्का राखी ऋण लगानीको व्यवस्था मिलाउनु पर्ने, ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि धितो तथा जायजेथा जमानी नभएका सदस्यहरूका लागि स्वीकृत नीति तथा कार्यविधिबमोजिम बढीमा दुई लाख रूपैयाँसम्मको रकम सदस्यहरूको सामूहिक जमानी रहने गरी बिना धितो लघु ऋण लगानी गर्न सकिनेछ ।

(३) सहकारी संघ संस्थाहरूले आफ्ना सदस्यहरूलाई चल अचल सम्पत्ति (घर जग्गा आदि) रोक्का राखी ऋण लगानी गर्दा निजको नाममा आफ्नो कार्यक्षेत्रमा रहेको घर जग्गा वा अन्य सम्पत्ति सुरक्षणको रूपमा लिन सक्नेछ । उक्त सम्पत्ति सम्बन्धित मालपोत कार्यालय वा रोक्का राख्ने कार्यालयबाट रोक्का राखी लिनुपर्नेछ।

(४) कर्जामा समदर तथा चक्रबृद्धि ब्याज लगाउन पाइने छैन।

(५) कर्जा तथा बचतमा ब्याजदर निर्धारण गर्दा सदस्यहरूबीच विभेदकारी व्यवस्था र व्यवहार गर्न पाइने छैन ।

तर सदस्यहरूलाई वित्तीय अनुशासनमा राख्न र कर्जाको किस्ता नियमित गराउन किस्ता नियमित नगराउने तथा कर्जाको भाखा नघाउने सदस्यहरूको हकमा भने वार्षिक साधारण सभाले पारित गरेको कर्जा नीतिका आधारमा तोकिएको हर्जाना लिन बाधा पर्नेछैन ।

(६).सदस्यहरूलाई आधुनिक एवं प्रतिस्पर्धी विद्युतीय वित्तीय सेवा प्रदान गर्न विश्वसनीय, भरपर्दो एवं रजिष्टर्ड कम्पनीहरूसँग सम्झौता गरी सफ्टवेयर, इन्टरनेट बैंकिङ, एस.एम.एस.सेवा, मोबाईल बैंकिङ तथा एटिएम सेवा जस्ता आधुनिक प्रविधि सञ्चालन गर्न सकिनेछ ।

तर सो सेवाहरू प्रदान गर्नुपूर्व संस्थाको वित्तीय क्षमता, सेवाको निरन्तरता एवं सदस्यहरूको मागलाई समेत ध्यान दिई कार्यविधि निर्माण गरेर मात्र कार्य गर्नु पर्नेछ ।

(७) संस्थाको सञ्चालन खर्चको सीमा कुल सम्पत्तिको पाँच प्रतिशत हुने गरी व्यवस्थापन गर्नुपर्नेछ ।

(८).संस्थाले कुल सम्पत्तिको पाँच प्रतिशतमा नबढ्ने गरी मात्र आय आर्जन नगर्ने सम्पत्ति खरिद वा व्यवस्था गर्न सकिनेछ ।

तर घर जग्गा कोष खडा गरेर सदस्यहरूको योगदानका आधारमा आय आर्जन नगर्ने घर जग्गा खरिद वा भवन निर्माण गर्न यस प्रावधानले बाधा पर्ने छैन ।

(९) कुल सम्पत्तिको पाँच प्रतिशतमा नबढ्ने गरी मात्र बाह्य कर्जा लिनु पर्नेछ ।

(१०) कुल सम्पत्तिको पन्ध्र प्रतिशत तरलता व्यवस्थापन गर्नु पर्नेछ ।

(११) असल कर्जाको एक प्रतिशत, बाह्र महिनासम्म भाखा नाघेको कर्जाको पैंतीस प्रतिशत र बाह्र महिनाभन्दा बढी भाखा नाघेको कर्जाको लागि शत प्रतिशत कर्जा जोखिम कोषको व्यवस्था अनिवार्य रूपमा गर्नु पर्नेछ ।

(१२) वचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सुपरिवेक्षण , निरिक्षण तथा अनुगमन निर्दैशिका, २०७७ बमोजिम हुनेछ ।

३६. **बचत तथा ऋणको वित्तीय कारोबार गर्ने संस्थाले गर्न नहुने कार्यहरू**:बचत तथा ऋणको वित्तीय कारोबार गर्ने संस्थाले देहायका कार्यहरू गर्न पाउने छैनन्:-

(क) वासलातबाहिरको कारोबारहरू (जस्तै प्रतितपत्र, जमानत आदि),

(ख) सदस्यहरूलाई अधिविकर्ष (Overdraft) कर्जा प्रवाह गर्न,

तर कुल कर्जा रकममा बढीमा १० प्रतिशतमा ननाघ्ने गरी एक वर्षे अवधिको लागि ब्याज मात्र तिर्न पाउने सुविधाको कर्जा प्रवाह गर्न भने बाधा पर्नेछैन ।

(ग) व्यापारिक उद्देश्यले घर जग्गाको खरिद बिक्री तथा सञ्चालकहरूको लगानीमा खोलिएको निजी उद्योग व्यवसायमा लगानी ।

(घ) सुनचाँदी र शेयर प्रमाणपत्र मात्र धितो राखी कर्जा प्रवाह,

(ङ) चल्ती खाता सञ्चालन गर्न,

(च) विदेशी मुद्राको कारोबार वा मुद्रा विनिमय गर्न,

(छ) चिट्ठा, ढुकुटी तथा उपहार योजना संञ्चालन गर्न,

(ज) कार्यक्षेत्र बाहिरका र सदस्य बाहेकका व्यक्ति तथा निकायसँग कारोबार ।

## परिच्छेद-६

## सहकारी संस्थाको वर्गीकरण, व्यवसाय परीक्षण

३७. **संस्थाहरूको वर्गीकरणसम्बन्धी व्यवस्थाः** नगरपालिकाले सहकारी संस्थाहरूको संस्थागत पुँजी, शेयर पुँजी, बचत रकम, ऋण कारोबार, रोजगारी प्रवर्द्धन, मुनाफा, कर योगदान, सेवा अवधि र सदस्य सङ्ख्याको आधारमा कार्यविधि निर्माण गरी स्तरीकरण वा वर्गीकरण गर्न सक्नेछ ।

३८. **सेवा वा व्यवसायको परीक्षणसम्बन्धी व्यवस्थाः**(१) सहकारी संस्थाको संस्थाहरूको नियमित सुपरीवेक्षण गर्ने व्यवस्था नगरपालिकाले गर्नु पर्नेछ ।

(२). परीक्षण कार्यक्रम सञ्चालन गर्ने कार्यका लागि आवश्यकतानुसार सङ्घीय सरकार,प्रदेश सरकार तथा सहकारी संघहरू र सहकारी बैकसँग समन्वय गरिनेछ ।

(३). बचत तथा ऋणको कारोबार गर्ने सहकारी बाहेकका उत्पादन, सेवा तथा श्रममा आधारित सहकारी संस्थाहरूले ऐनको दफा ९१ बमोजिम नगरपालिकाको समन्वयमा वार्षिक रूपमा आफ्नो व्यवसाय तथा सेवाको गुणस्तरको मापन तथा जाँच गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(४). सहकारी संस्थाको सघन अनुगमन पश्चात एकीकरण वा विघटन गर्नुपर्ने देखिएमा दर्ता गर्ने अधिकारीले एकीकरण वा विघटनको आदेश दिन सक्नेछ ।

## परिच्छेद-७

## कोषसम्बन्धी व्यवस्था

**३९. कोषसम्बन्धी व्यवस्थाः**(१).सहकारी संस्थाको बार्षिक मुनाफा (खुद बचत) को रकमबाट कम्तीमा पच्चीस प्रतिशत रकम ऐनको दफा ४७ बमोजिम जगेडा कोषमा जम्मा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम जगेडा कोषमा रकम जम्मा गरी बाँकी रहेको रकमलाई शत प्रतिशत मानी सोबाट कम्तीमा पच्चीस प्रतिशत रकम ऐनको दफा ४८ बमोजिमको संरक्षित पुँजी फिर्ता कोषमार शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम ऐनको दफा ४९ बमोजिमको सहकारी प्रवर्द्धन कोषमा छुट्याएर बाँकी रहेको रकमलाई शतप्रतिशत मानी देहायबमोजिमका कोषहरूमा कम्तीमा पाँच प्रतिशत रकमका दरले छुट्याई वितरण गर्नु पर्नेछः-

(क) शेयर लाभांश कोष

(ख) कर्मचारी बोनस कोष

(ग) सहकारी शिक्षा कोष

(घ) स्थिरीकरण कोष

(ङ) घाटा पूर्ति कोष

(च) सामुदायिक विकास कोष

(छ) सहकारी विकास कोष

(ज) जोखिम व्यवस्थापन कोष ।

(३) उपनियम (२) को खण्ड (ख) बमोजिमको कर्मचारी बोनस कोषबाट रकम वितरण गर्दा बढीमा तीन महिनाको तलबभन्दा बढी नहुने गरी वितरण गर्नुपर्नेछ ।

(४) ऋण सुरक्षण कोषको लागि संस्थाको विनियममा तोकिएबमोजिम व्यवस्था गर्नुपर्नेछ ।

(५). सहकारी प्रवर्द्धन कोष र स्थिरीकरण कोषको व्यवस्थापन सङ्घीय एवम् प्रदेश कानुनमा व्यवस्था भएबमोजिम परिचालन हुनेछ र अन्य कोषहरू संस्थाको सञ्चालक समितिले संस्थाको हितको लागि आवश्यक कार्यविधि बनाई परिचालन गर्न सक्नेछ ।

**४०. संरक्षित पुँजी फिर्ता कोषको रकम वितरणका आधारः** (१). ऐनको दफा ४८ को उपदफा (३) बमोजिम संरक्षित पुँजी फिर्ता कोषको वितरण गर्दा देहाय बमोजिमको वार्षिक कारोबारको आधार लिनु पर्नेछः-

(क) उत्पादक संस्थामा सदस्यले संस्थालाई बिक्री गरेको उपजको खरिद मूल्य ।

(ख) वित्तीय संस्थामा सदस्यले जम्मा गरेको बचत र लिएको ऋण रकममा तिरेको ब्याज ।

(ग) उपभोक्तासम्बन्धी संस्थामा सदस्यले संस्थासँग खरिद गरेको वस्तु वा सेवाको मूल्य ।

(घ) श्रमिकसम्बन्धी संस्थामा सदस्यले संस्थाबाट प्राप्त गरेको ज्याला ।

(ङ) बहुउद्देश्यीय संस्थामा खण्ड (क), (ख), (ग) र (घ) मा उल्लेख भएबमोजिम ।

(२) उपनियम (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि उत्पादक संस्थाले सदस्यलाई आवश्यक सामग्री बिक्री गरेकोमा त्यस्तो कारोबारलाई समेत गणना गर्न सकिनेछ ।

(३) उपनियम (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणको भाखा नघाएको सदस्यलाई त्यस्तो ऋणमा तिरेको ब्याजको आधारमा संरक्षित पुँजी फिर्ता दिइनेछैन ।

(४) उपनियम (१) को खण्ड (ख) बमोजिम कोषको रकम वितरण गर्दा बचतमा प्राप्त गरेको ब्याज तर्फ चालीस प्रतिशत र ऋणमा तिरेको ब्याज तर्फ साठी प्रतिशत भार दिई गणना गरिनेछ ।

(५) अघिल्लो आर्थिक वर्षको कारोबारको संरक्षित पुँजी फिर्ता कोषको रकम चालू आर्थिक वर्षभित्र वितरण गरिसक्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम कुनै आर्थिक वर्षमा वितरण हुन नसकी बाँकी रहेको रकम सोही आर्थिक वर्षको अन्त्यमा जगेडा कोषमा सार्नपर्नेछ ।

(७) कोषसम्बन्धी अन्य व्यवस्था सङ्घीय एवं प्रदेश कानुनमा व्यवस्था भएबमोजिम हुनेछ ।

**४१. <u>अभिलेख व्यवस्थापनः</u>** (१)संस्थाले साधारणसभा, समिति तथा लेखा सुपरीवेक्षण समितिका बैठकका निर्णय तथा काम कारबाहीको अद्यावधिक अभिलेख सङ्घीय कानुनले तोकेको लेखामान तथा ढाँचामा सुरक्षित साथ राख्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम अभिलेख तथा लेखा राख्दा अन्य कुराका अतिरिक्त देहायका किताब, खातावही तथा विवरण समेत राखी तिनीहरूलाई अद्यावधिक गर्नु पर्नेछः-

(क) अनुसूची- ३ बमोजिमको ढाँचाको सदस्यता दर्ता किताब

(ख) प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा, विशेष साधारण सभा र सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति,उप-समितिहरूको बैठकहरूको छुट्टाछुट्टै निर्णय तथा कारबाही किताब,

(ग) नगदी वही,

(घ) सहकारी संस्थाले अन्य कुनै व्यक्ति वा संस्था वा संघ वा निकायसँग कुनै कारोबार गरेको भए सो कारोबार देखाउने दर्ता किताब,

(ङ) शेयर दर्ता किताब,

(च) मालसामानको मौज्दात (स्टक) दर्ता किताब,

(छ) ऋण लेनदेन दर्ता किताब,

(ज) बेरुजु एवं सम्परीक्षण खाता,

(झ) आम्दानी, खर्च, सम्पत्ति र दायित्वसम्बन्धी अलग-अलग खाता तथा सहायक खाताहरू,

(ञ) सम्बन्धित निकायले तोकेको ढाँचाबमोजिमको हिसाब परीक्षण सूची, आय-व्यय र स्थिति विवरण पत्र,

(ट) समय समयमा सम्बन्धितले तोकिदिएको अन्य अभिलेख एवं खाताहरू ।

(३) पाँच करोड रूपैयाँभन्दा बढी जायजेथा भएका सहकारी संस्थाले उपनियम (२) बमोजिम राख्नुपर्ने अभिलेख सम्बन्धित निकाय वा मन्त्रालयले तोके बमोजिमको निर्धारक पूरा भएको विद्युतीय उपयोग कार्य क्रमणिका (एप्लिकेशन सफ्टवेयर) मा समेत व्यवस्थित गर्नुपर्नेछ ।

(४) सहकारी संस्थाले आफ्नो संस्थागत तथा व्यावसायिक कारोबारको विवरण सम्बन्धित निकायले तोकेको व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा समेत अनिवार्य प्रविष्ट गर्नुपर्नेछ ।

तर यसमा लेखिएको कुनै कुराले सदस्यको व्यक्तिगत बचत लगायतका प्रचलित कानुनबमोजिम गोप्य रहने सूचना अलग्गै संरक्षण गर्न बाधा पुऱ्याएको मानिने छैन ।

(५) सहकारी संस्थाले आधारभूत अभिलेख तथा कारोबारको विवरण पृष्ठ सुरक्षा (ब्याकअप) व्यवस्था सहित संरक्षण गर्नु पर्नेछ ।

## परिच्छेद-८

## संस्था एकीकरण, छुट र अनुदान

**४२. सहकारी संस्थाको एकीकरणः**(१)ऐनको दफा ६५ बमोजिम दुई वा दुईभन्दा बढी संस्थाहरू एकीकरण गर्दा देहायका सर्तहरू पूरा भएको हुनु पर्नेछः-

(क) कार्यक्षेत्र एक अर्कोसँग खप्टिएको वा जोडिएको हुनु पर्ने,

(ख) संस्थाहरू एकै विषय वा प्रकृतिका हुनुपर्ने,

(ग) फरक विषय वा प्रकृतिको भए मूलतः एकै विषयमा प्रतिस्पर्धा भएको हुनुपर्ने,

(घ) सदस्यको प्रत्यक्ष सहभागिता एवं लोकतान्त्रिक नियन्त्रण कायम रहनु पर्ने,

(ङ) सदस्यहरूको साझा बन्धन समान हुनुपर्ने ।

(२) उपनियम (१) बमोजिम एकीकरण गर्दानगरपालिकाभित्र कार्यक्षेत्र कायम भएका संस्थाहरूको मात्र एकीकरण गर्न सकिनेछ । त्यसरी एकीकरण हुने दुवै संस्थाको सञ्चालक समितिले एकीकरण कार्यको लागि छुट्टाछुट्टै एकीकरण कार्यदल गठन गर्नुपर्नेछ ।

(३) नगरपालिका कार्यक्षेत्र भएका एकीकरणमा जाने संस्थाहरूले आ-आफ्नो सञ्चालक समितिबाट निर्णय गराई आवश्यक कार्य अगाडि बढाउनका लागि दर्ता अधिकारीबाट पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाको पूर्व स्वीकृति बिना सम्बत् २०४९ साल जेठ २ गते अघि दर्ता भएका साझा सहकारी संस्थाहरूलाई एकीकरण गरिने छैन ।

(५) महिला मात्र सदस्य रहने संस्थाहरू बीच एकीकरण गर्न प्रस्ताव आएमा त्यस्ता संस्थाहरूलाई एकीकरण गर्न प्राथमिकता दिनुपर्नेछ ।

(६) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विशेष रूपमा पिछडिएका समुदायमा स्थापित सहकारी संस्थाको साङ्गठनिक गतिशीलतामा असर पर्ने गरी संस्था एकीकरण गरिने छैन ।

(७) पूर्व स्वीकृति लिइसकेका सहकारी संस्थाहरूले सञ्चालक समितिहरूको संयुक्त बैठकले एकीकरणको निम्ति आवश्यक सर्त र कार्यविधि तयार पार्न बढीमा पाँच सदस्यीय संयुक्त एकीकरण कार्यदल गठन गरी कार्यदलको प्रतिवेदनका आधारमा एकीकरण हुने संस्थाहरूको संयुक्त लेखापरीक्षण गराई संयुक्त साधारण सभाबाट स्वीकृति लिई संस्था एकीकरण्को कार्य सम्पन्न गराउनु पर्नेछ ।

(८) संस्थाको एकीकरण एवं विभाजनसम्बन्धी अन्य व्यवस्था सङ्घीय एवं प्रदेश कानुनमा व्यवस्था भएबमोजिम हुनेछ ।

(९) प्रचलित कानुनको अधीनमा रही कुनै थप सर्त, आधार, कार्यविधि तोक्नुपर्ने भएमा दर्ता गर्ने अधिकारीले तोक्न सक्नेछ ।

**४३. <u>छुट,सुविधा र सहुलियतसम्बन्धी व्यवस्थाः</u>** (१) ऐनको दफा ५७ बमोजिम सहकारी संस्थाले जग्गा जमीन लगायतका अचल सम्पत्ति खरिद गर्दा आय टिकट दस्तुर वा रजिष्ट्रेशन दस्तुर, छुट, सुबिधा वा सहुलियत प्राप्त गर्न सम्बन्धित संस्थाले देहायको विवरण सहित दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनु पर्नेछः-

(क) निवेदन दिनु अघि रजिस्ट्रेसन छुट सुविधा लिई अचल सम्पत्ति खरिद गरेको भए जग्गा धनी प्रमाण पूर्जा र सम्बन्धित कागजातको प्रतिलिपि,

(ख) साधारण सभाको बैठकबाट घर जग्गा धनीको नामनामेसी, घर जग्गा रहेको ठेगाना, कित्ता नम्बर, क्षेत्रफल र मूल्य समेत खुलाई खरिद सम्बन्धमा भएको निर्णयको प्रमाणित प्रतिलिपि,

(ग) अचल सम्पत्ति खरिदमा बचत रकम उपयोग नहुने र जगेडा कोष तथा सेयर पुंजीबाट खरिद गर्न पुग्ने लेखापरीक्षणबाट प्रमाणित वित्तीय विवरण,

(घ) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएको भन्दा थप शेयर पुँजी र जगेडा कोषको रकमबाट खरिद गर्न खोजिएको भए पछिल्लो शेयर पुँजी, जगेडा कोष र बचत रकमको दर्तावाल लेखापरीक्षकले प्रमाणित गरेको वित्तीय विवरण,

(ङ) सहकारी संस्थाको अनुगमन तथा निरीक्षण गर्दा कैफियत देखी सुधारका लागि निर्देशन दिएको भए निर्देशन पालनाको अवस्था खुल्ने कागजात र सुधारको कार्ययोजना,

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँच गरी दर्ता अधिकारीले छुट सुविधाका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

## परिच्छेद-९

## ऋण असुली र बाँकी बक्यौता

४४. **ऋण तथा बाँकी बक्यौता असुली :** (१)ऐनको दफा ५८ बमोजिम सहकारी संस्थाको ऋण र दफा ६१ बमोजिम सहकारी संस्थाको बाँकी बक्यौता असुल उपर गर्नुपर्ने व्यक्तिको जायजेथा लिलाम बिक्री गरी असुल उपर गर्दा संस्था वा संघले देहायका कार्यविधि अपनाउनु पर्नेछ ।

(क) बाँकी बक्यौता तिर्न बुझाउनु पर्ने ठहर भएको व्यक्तिको नाममा पैंतीस दिनभित्र तिर्न बुझाउनु पर्ने रकम तिर्न, बुझाउन आउनु र उक्त रकम तिरी बुझाइ सकेको भए त्यसको प्रमाण पेस गर्न आउनु भनी म्याद जारी गरी पठाउने ।

(ख) खण्ड (क) बमोजिम म्याद पूर्जी जारी गरिएकोमा उक्त म्यादभित्र तिर्नं बुझाउनु पर्ने रकम तिर्न बुझाउन नआएमा वा तिरी बुझाइसकेको प्रमाण पेस नगरेमा निजको नाउँमा लिलाम बिक्री गर्ने सूचना प्रकाशित गर्ने ।

(ग) धितो राखेको घर जग्गा जमीन मालपोत कार्यालयबाट रोक्का गराइएको छैन भने रोक्का गर्न लगाई त्यसको प्रमाण राख्ने ।

(घ) धितो राखेको चल-अचल सम्पत्तिको लिलाम गर्दा धितोको विवरण, निजले बुझाउनु पर्ने साँवा, ब्याज र हर्जानाको रकम समेत उल्लेख गरी चल सम्पत्ति भए पन्ध्र दिनभित्र र अचल सम्पत्ति भए पैंतीस दिनको म्याद दिई तिर्नु बुझाउनुपर्ने रकम नबुझाएमा धितो लिलाम बिक्री गरी साँवा, ब्याज र हर्जनाको रकम असूल उपर गरिने बारेको सूचना सम्बन्धित व्यक्तिलाई बुझाई संस्थाको कार्यालय, सम्बन्धित वडा कार्यालय र सार्वजनिक स्थानमा टाँस्नुका साथै स्थानीय वा

राष्ट्रिय स्तरको कुनै एक दैनिक पत्रिकामा सूचना प्रकाशन गर्ने ।

तर सम्बन्धित व्यक्तिलाई सूचना बुझाउन नसकिएको वा निज फेला नपरेको खण्डमा दैनिक पत्रिकामा प्रकाशित सूचनाबमोजिम लिलाम बिक्रीको प्रक्रिया अगाडि बढाउन बाधा पर्नेछैन ।

(ङ) धितो लिलाम बिक्री गर्दा कार्यालय खुल्ने समयदेखि शुरु गरी बन्द हुने समय भन्दा एक घण्टा अगाडि समाप्त गर्नु पर्ने तर लिलाम बिक्री हुने भनी तोकिएको दिन बिदा पर्न गएमा त्यसको भोलिपल्ट सोही स्थान र समयमा लिलाम बिक्री गर्नु पर्नेछ ।

(च) धितो लिलाम बिक्री गर्दा लिलाम गरिने चल अचल सम्पत्ति रहेको सम्बन्धित वडाको प्रतिनिधि, मालपोत कार्यालय वा स्थानीय तहको मालपोत विषय हेर्ने कर्मचारी, सम्बन्धित विषयका प्राविधिक, सम्बन्धित संस्थाको व्यवस्थापक सहितको समितिले चलनचल्तीको मोल कायम गरी सोही रकमबाट डाँक बढाबढ गरी शुरु गर्नुपर्नेछ । डाँक बोल्न उपस्थित भई डाँक बढाबढ गर्ने व्यक्तिहरूमध्ये सबैभन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम बिक्री स्वीकृति गर्ने

तर, सञ्चालक समितिका पदाधिकारी, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी, उप समितिका पदाधिकारी, संस्थामा कार्यरत कर्मचारी र निजका नजिकका नातेदारले डाँक बढाबढमा भाग लिन पाउने छैन ।

(छ) डाँक बोल्न शुरु गरी बढाबढ गर्नेले डाँक अंक बोलेपछि संस्थाको विनियम वा आन्तरिक कार्यविधिमा तोकिए बमोजिमको ढाँचाको फाराममा निजले बोलेको अंक स्पष्ट खोली निजको सही छाप गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम लिलाम बिक्री गर्दा जिल्ला प्रशासन कार्यालय वा लिलाम बिक्री हुने ठाउँ नजिक कुनै सरकारी कार्यालय भए सो कार्यालय र महालक्ष्मी नगरपालिका वा मातहतका वडा कार्यालयका प्रतिनिधिलाई साक्षी राखी मुचुल्का गराउनु पर्नेछ ।

(३) लिखित रूपमा अनुरोध गर्दा समेत उपनियम (२) मा लेखिएका कुनै कार्यालयको प्रतिनिधि उपस्थित नभएमा उपस्थित प्रतिनिधि वा सम्बन्धित वडा कार्यालयका प्रतिनिधिलाई साक्षी राखी लिलाम बिक्री गर्नुपर्नेछ ।

(४) जुन व्यक्तिको चल अचल सम्पत्ति लिलाम बिक्री गरिने हो सो व्यक्तिलाई लिलाम बिक्री हुने समय र ठाउँ तोकी उपस्थित हुने सूचना पठाउनुपर्नेछ

तर त्यसरी लिलाम बिक्री हुने दिन सरोकारवाला व्यक्ति उपस्थित नभएमा पनि लिलाम बिक्री गर्न बाधा पुगेको मानिने छैन ।

४५. **लिलाम बिक्री स्थगित गर्न सक्ने :-** नियम (४४) बमोजिम लिलाम बिक्रीको सूचना प्रकाशित भइसकेपछि ऋणी सदस्यले कर्जा चुक्ता गर्न आएमा वा समितिले तोकिदिएको रकम जम्मा गरी निश्चित अवधिभित्र कर्जा चुक्ता गर्न ऋणी सदस्य र संस्थाबीच सहमति भई लिलाम बिक्री स्थगित गर्नु पर्ने देखिएमा लिलाम बिक्रीको सूचना प्रकाशित गर्ने सहकारी संस्था वा दर्ता अधिकारीले त्यस्तो लिलाम बिक्री केही समयका लागि स्थगित गर्न सक्नेछ ।

४६. **असुल उपर हुन नसकेको रकम अरू जायजेथाबाट असुल उपर गर्ने :** (१) धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा आएको रकमबाट साँवा, ब्याज र हर्जानाको रकम असुल उपर हुन नसकेमा बाँकी बक्यौता असुल उपर गर्नु पर्ने व्यक्तिको हक भोगको अन्य जायजेथाबाट नियम(४४) मा उल्लिखित कार्यविधि अपनाई लिलाम बिक्री गरी असुल उपर गर्नुपर्नेछ ।

(२) मोहीले लिएको ऋणको हकमा निजले कमाएको बाली लिलाम बिक्री गरी साँवा, ब्याज र हर्जानाको रकम असुल उपर गर्नुपर्नेछ ।

(३) उपनियम (१) र (२), बमोजिम लिलाम बिक्री गर्दा लिलाम बिक्री हुने दिनसम्मको साँवा, ब्याज र हर्जानाको रकम असुल उपर गरी बाँकी हुन आएको रकम सरोकारवाला व्यक्तिलाई फिर्ता दिनु पर्नेछ ।

(४) कुनै ऋणीको लागि अर्को सदस्यले धन जमानत दिएको अवस्थामा ऋणीको निमित्त जमानत दिने व्यक्तिको दायित्व जमानत दिएको रकमको हदसम्म मात्र सीमित रहनेछ ।

**४७. लिलाम सकार्ने व्यक्तिबाट रकम असुल गर्ने:**(१) लिलाम बिक्रीको कार्य सकिना साथ लिलाम सकार गर्ने व्यक्तिबाट सकार गरेको मूल्यको १० प्रतिशत रकम सोही दिन धरौटीको रूपमा लिई राख्नु पर्नेछ र बाँकी ९० प्रतिशत रकम लिलाम सकारेको मितिले सात दिनभित्र बुझाइ सक्नु पर्नेछ । उक्त म्यादभित्र बाँकी रकम नबुझाएमा धरौटी बापत राखेको रकम जफत हुने व्यहोराको कागज गराई राख्नु पर्नेछ ।

(२) लिलाम सकार्ने व्यक्तिले सकार गरेको मूल्यको १० प्रतिशत रकम उसै दिन नबुझाएमा निज पछि सबैभन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम सदर गर्नु पर्नेछ ।

(३) लिलाम सकार गर्ने व्यक्तिले यस नियमबमोजिम सकार गरेको पूरा मूल्य बुझाएमा निजको नाउँमा सो जायजेथामा प्रचलित कानुन बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज समेत गरी दिनको लागि सहकारी संस्थाले सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

४८. **लिलाम बिक्री नभएमा जायजेथा सहकारी संस्थाको स्वामित्वमा रहने :** नियम ४४ र ४५ बमोजिम लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा सहकारी संस्थाले उक्त जायजेथाको स्वामित्व आफूमा लिन सक्नेछ र त्यस्तो स्थितिमा सम्बन्धित कार्यालयहरूले सहकारी संस्थाको जनाउबमोजिम आफ्नो कार्यालयमा रहेको स्रेस्तामा तदनुसार रजिस्ट्रेसन वा दाखिल खारेज गरिदिनु पर्नेछ ।

४९. **जायजेथा फिर्ता दिनुपर्ने :** नियम ४८ बमोजिम संस्थाको नाममा कायम हुन आएको जायजेथा ६ महिनाभित्र सम्बन्धित ऋणी सदस्यले आफूले तिर्नु बुझाउनु पर्ने साँवा र अघिल्लो दिनसम्मको ब्याज, हर्जाना र लिलाम प्रक्रियासँग सम्बन्धित खर्च समेत चुक्ता गरी फिर्ता लिन चाहेमा सम्बन्धित सहकारी संस्थाले आवश्यक प्रक्रिया पुऱ्याई फिर्ता दिनु पर्नेछ ।

५०. **कालो सूची र कर्जा सूचना केन्द्रसम्बन्धी व्यवस्था :** संस्थाबाट ऋण लिई रकमको अपचलन गर्ने वा तोकिएको समयभित्र ऋणको साँवा ब्याज फिर्ता नगर्ने व्यक्तिको नामनामेसी सहित कालोसूची प्रकाशनको व्यवस्था र कर्जा सूचना केन्द्रसम्बन्धी व्यवस्था सङ्घीय कानुनबमोजिम हुनेछ ।

५१. **सन्दर्भ ब्याजदर सम्बन्धी व्यवस्था :** (१)ऐनको दफा ४० को उपदफा (१) बमोजिम सन्दर्भ ब्याजदर निर्धारण गर्दा देहायका आधार लिनुपर्नेछः-

(क) बचत तथा ऋणको केन्द्रीय विषयगत संघमा आबद्ध संघ, संस्थाहरूको औसत ब्याजदर,

(ख) सहकारी बैङ्कहरूको औसत ब्याजदर,

(ग) बैङ्क तथा वित्तीय संस्थासम्बन्धी कानुनबमोजिम “क” वर्गको इजाजत प्राप्त बैङ्कहरूको औसत ब्याजदर,

(घ) ब्याजदरका सम्बन्धमा नेपाल सरकारका मन्त्रालय, निकाय, नेपाल राष्ट्र बैङ्कले गरेका अध्ययन प्रतिवेदनहरू,

(ङ) राष्ट्रिय सहकारी महासंघ, विषयगत केन्द्रीय संघहरूबाट प्राप्त सुझाव,

(च) सन्दर्भ ब्याजदर निर्धारण समितिले उपयुक्त देखेका अन्य आधारहरू ।

(२) उपनियम (१) बमोजिम सन्दर्भ ब्याजदर निर्धारण गर्दा सामान्यतया देहायका सिद्धान्तहरू अवलम्बन गर्नुपर्नेछः-

(क) बचतमा भारित औसत ब्याजदरभन्दा सामान्यतया बढी,

(ख) ऋणमा भारित औसत ब्याजदर भन्दा सामान्यतया घटी,

(ग) बचत र ऋणको ब्याजदरको अन्तर छ प्रतिशत भन्दा घटी,

(३) सन्दर्भ ब्याजदर आवश्यकतानुसार पुनरावलोकन गर्न सकिनेछ ।

(४) सन्दर्भ ब्याजदर निर्धारणसम्बन्धी अन्य व्यवस्था सङ्घीय कानुनमा तोकेबमोजिम हुनेछ ।

## परिच्छेद-१०

## निरीक्षण तथा अनुगमन

**५२. संस्थाको अनुगमन तथा निरीक्षणः** (१) सहकारी संस्थाहरूमा गरिने अनुगमन तथा निरीक्षण ऐनको दफा ७१ बमोजिम अनुसूची-१४ को अनुगमन फारामको आधारमा गरिनेछ ।

(२) सहकारी संस्थाहरूको निरीक्षण तथा अनुगमन गर्ने कार्यका लागि देहायबमोजिमको एक समिति रहनेछ :

१) नगर उपप्रमुख - संयोजक

२) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

३) सम्बन्धित वडाको वडाध्यक्ष -सदस्य

४) सम्बन्धित विषयको विज्ञ एक जना - सदस्य

५) सहकारी शाखा प्रमुख - सदस्य सचिव

(३) संस्थाको अनुगमन तथा निरीक्षणका क्रममा आवश्यकतानुसार विज्ञ एवम् कर्मचारीहरूलाई आमन्त्रण गर्न सकिनेछ ।

**५३. अनुगमन समितिको काम, कर्तव्य र अधिकारः**(१) नियम ५२ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) सहकारी संस्थाहरूको नीति तथा कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन लगायतका कार्यको मूल्याङ्कन गर्ने,

(ख) संस्थाको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनाहरू तयार भए नभएको सम्बन्धमा अध्ययन गर्ने,

(ग) ऋण लगानी र असुलीको अवस्थाको अध्ययन गर्ने,

(घ) बचत सङ्कलन सहकारी ऐन, नियम र संस्थाको विनियम अनुसार भए नभएको अध्ययन गर्ने,

(ङ) नगद मौज्दातको सुरक्षाको व्यवस्थाको अध्ययन गर्ने,

(च) साधारण सभा, समिति र लेखा सुपरीवेक्षण समितिको बैठकको नियमितता र निर्णय प्रक्रियामा सदस्यको सहभागिताको स्थितिका सम्बन्धमा अध्ययन गर्ने,

(छ) संस्था सञ्चालनका महत्वपूर्ण विषयहरूमा समिति र साधारण सभाबाट भएको निर्णय र त्यसको कार्यान्वयनका अवस्थाको अध्ययन,

(ज) लेखा सुपरीवेक्षण समितिले त्रैमासिक र बार्षिक प्रतिवेदनको कार्यान्वयनको अवस्थाको अध्ययन,

(झ) वित्तीय विश्लेषण (पर्ल्स) अनुसार कार्य सम्पादन भए नभएको ? त्यसको अध्ययन,

(ञ) समयमा नै आन्तरिक र बाह्य लेखापरीक्षण सम्पन्न गरे, नगरेको ? सोको अध्ययन,

(ट) कोषहरूको परिचालनको क्षेत्र र अवस्थाको अध्ययन,

(ठ) संस्थाको जिन्सी तथा भौतिक सम्पतिको पर्याप्त भए नभएको ? त्यसको अध्ययन,

(ड) सदस्यता प्रदान, बचत सङ्कलन तथा ऋण लगानी गर्दा संस्थाको कार्यक्षेत्रभित्र आफ्नै सदस्यहरूमा सीमित रहेर गरे नगरेको ? सोको अध्ययन गर्ने,

(ढ) संस्थामा कर्मचारी भर्ना र सेवाका सर्त तथा सुविधासम्बन्धी नियमावली बनाए नबनाएको र भर्ना प्रक्रिया पारदर्शी र प्रतिस्पर्धा गराएर गर्ने गरिएको छ, छैन ? त्यसको अध्ययन,

(ण) समिति र लेखासुपरीवेक्षण समितिले संस्थाको वित्तीय प्रतिवेदन सार्वजनिक गरे, नगरेको,

(त) सहकारी संस्थाहरूबाट भए गरेका कामको मूल्याङ्कन गरी सम्बन्धित संस्थालाई निर्देशन दिने,

(थ) अध्ययनको सिलसिलामा कुनै संस्था समस्याग्रस्त देखिएमा समस्याको पहिचान, समस्या उत्पन्न हुनाका कारणहरू र समस्या समाधानको उपाय सहितको सुझाव तयार गर्ने,

(द) संस्थाभित्र वा अन्तर संस्था कुनै विवाद भएमा विवाद समाधानको कार्य गर्ने,

(ध) कार्यपालिकाले तोकेका अन्य कार्यहरू गर्ने ।

**५४. प्रतिवेदन पेस गर्नुपर्नेः**(१) नियम (५२) बमोजिमको समितिले गरेको अध्ययन प्रतिवेदन संयोजक मार्फत नगर कार्यपालिकामा पेस गर्नेछ ।

(२) उपनियम (१) बमोजिमसमितिले पेस गरेको अध्ययन प्रतिवेदनका सुझावहरूको कार्यान्वयनको लागि नगर कार्यपालिकाले रजिष्ट्रारकहाँ पठाउनेछ र रजिष्ट्रारले सो प्रतिवेदन कार्यान्वयन गर्नेछ ।

(३) समितिको बैठक लगायतका कार्यविधि समिति आफैंले निर्धारण गर्न सक्नेछ ।

(४) बैठक तथा अनुगमन गरेबापत समितिका सदस्यहरूलाई नियमानुसार सेवासुविधा उपलब्ध गराइनेछ ।

# परिच्छेद-११

## लिक्विडेशनसम्बन्धी व्यवस्था

**५५. लिक्विडेटरको नियुक्तिः**(१) ऐनको दफा ६७ को उपदफा (२) बमोजिम पचास लाख रूपैयाँसम्मको सम्पति भएको संस्थाको हकमा रजिष्ट्रारले आफू मातहतको अधिकृत कर्मचारीलाई लिक्विडेटर नियुक्त गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम नियुक्त लिक्विडेटरलाई रजिष्ट्रारले लिक्विडेशन सम्बन्धी कार्यमा आवश्यक निर्देशन दिन सक्नेछ ।

**५६. लिक्विडेटरको काम, कर्तव्य र अधिकारः** ऐनको दफा ६६ बमोजिम दर्ता खारेज भएको सहकारी संस्थाको लिक्विडेटरको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विघटन भएका सहकारी संस्थाबाट असुल हुन बाँकी रहेको रकम चुक्ता गर्नको लागि सो सहकारी संस्थाका हालवाला वा साविकवाला सदस्यहरू वा मृत सदस्यहरूको जायजेथाबाट बाँकी रकम नियम ४४ र ४६बमोजिम असुल उपर गर्ने,

(ख) विघटन भएका सहकारी संस्थासँग कुनै साहुको कुनै रकम बाँकी लागिराखेको रहेछ सो संस्थाकै हिसावकितावमा चढाएको रहेनछ भने त्यस्ता साहुलाई यो यति म्यादभित्र सो रकमको दावा गर्न आउनु भनी वा सो बाँकी लागेको प्रमाणित नभएसम्म त्यति रकम वितरण नगर्न दावी गर्न आउनु भनी सूचना जारी गर्ने,

(ग) साहुहरूमध्ये कसलाई प्राथमिकता दिने भन्ने प्रश्न उठेमा त्यसको निर्णय गर्ने,

(घ) सहकारी संस्था विघटन गर्ने सिलसिलामा सहकारी संस्थाको जायजेथा

जम्मा गर्ने र वितरण गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ङ) सहकारी संस्थाले गरेको वा सहकारी संस्थाको विरुद्धमा गरिएको दावीको सम्बन्धमा दुवै पक्ष बीचमा मिलापत्र गराउने,

(च) विघटनका लागि आवश्यक देखिएमा सदस्यहरूको बैठक बोलाउने,

(छ) सहकारी संस्थाको खातावही, कागजात, लिखत र जायजेथाको जिम्मा लिने,

(ज) सहकारी संस्थाको सम्पति बेचविखन गर्ने,

(झ) सरोकारवालाहरूसँग समेतको परामर्शमा सहकारी संस्थाको जायजेथा वितरण गर्ने योजना तयार गरी त्यसको वितरण गर्ने,

(२) उपनियम (१) बमोजिमको अधिकार प्रयोग गर्दा लिक्विडेटरले आवश्यक सम्झेमा सहकारी संस्थाको गठन, काम, कर्तब्य, सम्पति वा अन्य कुराको सम्बन्धमा आवश्यक जानकारी प्राप्त गर्न पक्ष, विपक्ष, साक्षीहरू, संस्था वा संघको कुनै कर्मचारीलाई आफू समक्ष उपस्थित गराई सोधपुछ गर्न सक्नेछ ।

**५७. <u>लिक्विडेशन नियन्त्रण गर्ने रजिष्ट्रारको अधिकार</u>ः** नियम ५६बमोजिमको अधिकार प्रयोग गरी लिक्विडेटरले गरेको कामलाई रजिष्ट्रारले दोहोऱ्याई हेरी देहाय बमोजिम गर्न सक्नेछः-

(क) निर्देशन विपरित लिक्विडेटरले जारी गरेको आदेश खारेज गर्न, बदल्न वा आवश्यकता अनुसार अर्को आदेश जारी गर्न,

(ख) संस्था वा संघको खातावही, कागजात, लिखत र जायजेथाहरू पेस गराउन,

(ग) नियम ५३ बमोजिमको लिक्विडेटरको अधिकारमा आफूलाई उपयुक्त लागेको हदबन्देज तोकिदिन,

(घ) लिक्विडेटरले जाँचेको हिसाव किताबको प्रतिवेदन लिन,

(ङ) नियम ५३ को खण्ड (ङ) बमोजिम मिलापत्र गराउने र सो नियमको खण्ड (झ) बमोजिम जायजेथा वितरण गर्ने सम्बन्धमा सामान्य सिद्धान्त निर्धारण गरिदिन,

(च) लिक्विडेटरले पाउने पारिश्रमिक एवं भत्ताको निमित्त आवश्यक निर्देशन दिन,

(छ) लिक्विडेटरलाई पदबाट हटाई अर्को लिक्विडेटर नियुक्त गर्न ।

**५८. दायित्व भुक्तानीः**(१) ऐनको दफा ६६ अन्तर्गत दर्ता खारेज वा विघटन भएको सहकारी संस्थाको कोषबाट देहाय बमोजिमको प्राथमिकता क्रम अनुसार देहायको कार्यको लागि खर्च गर्न सकिनेछः-

(क) विघटनका कामको निमित्त भएका खर्चहरू फछ्र्यौट गर्न,

(ख) सदस्यलाई बचतको रकम भुक्तानी गर्न,

(ग) कर्मचारीको तलव भत्ता दिन,

(घ) ऋृण भुक्तानी गर्न,

(ङ) अन्य भुक्तानी दिनुपर्ने रकमहरू भुक्तानी दिन,

(च) शेयर पुँजी फिर्ता दिन,

(छ) लाभांश नबाँडिएको समय जतिको हकमा लाभांश वितरण गर्न ।

(२) कुनै सहकारी संस्थाको विघटनको काम समाप्त भइसकेपछि पनि सो संस्थाको कुनै साहुले पाउनु पर्ने रकम लिन नआएमा विघटनको काम समाप्त भएको मितिले तीन महिनाभित्र उक्त संस्थाको कोषउपर त्यस्तो साहुले आफूले पाउनु पर्ने रकमको लागि दावी गरिसक्नु पर्नेछ र सो म्याद नाघेपछि परेको दावीउपर कुनै कारवाही हुनेछैन ।

# परिच्छेद-१२

## विविध

**५९. अन्तर सहकारी कारोबार :** (१)ऐनको दफा ९४बमोजिम अन्तर सहकारी कारोबार गर्दा संलग्न संस्थाहरूको विनियममा निर्धारित सदस्यहरूको आवश्यकताको आधार लिएको हुनुपर्नेछ ।

(२) अन्तर सहकारी कारोबारमा संलग्न बिभिन्न संस्थाहरूले आफ्ना सदस्यहरूबाट उत्पादित वस्तु, उपज अग्रणी संस्था (लिड कोअपरेटिभ) को अवधारणाबाट कुनै एक संस्था मार्फत सङ्कलन, प्रशोधन एवं बजारीकरण गर्न व्यवस्था मिलाउने गरी एकीकृत योजना सञ्चालन गर्न सक्नेछन् ।

(३) सहकारी संस्थाहरूले स्थानीय उत्पादनको मूल्य शृङ्खला विकाससँग सम्बन्धित अन्तर सहकारी कारोबारलाई बढावा दिनेगरी संयोजन गर्न सक्नेछन् ।

(४) सहकारी संस्थाले विनियममा व्यवस्था गरी विद्युतीय प्रणाली मार्फत आफ्ना सदस्यहरूले नगरपालिकाभरको कुनै एक स्थानको सहकारीबाट अर्को स्थानमा रहेको आफ्नो सहकारीको खातामा पैसा जम्मा गर्न वा भुक्तानी लिन सक्ने गरी अन्तर सहकारी कारोबार गर्न सक्नेछन् ।

**६०. उद्देश्य विपरीत कार्य गरेको मानिने:** बचत तथा ऋणको मुख्य कारोबार गर्ने बहुउद्देश्यीय वा विषयगत संस्थाले ऐनको दफा ३९ को उपदफा (२) मा निर्धारित समयभित्र बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाको बखतमा उल्लेख गरिएको मुख्य कारोबार नगरेको खण्डमा त्यस्तो संस्थाले उद्देश्य विपरित कार्य गरेको मानिनेछ ।

६१. **श्रम ऐन लागु हुने :** सहकारी संघ संस्थाहरूले संस्थामा कार्यरत कर्मचारीहरूको रोजगारीको हित र सम्मानको न्यूनतम मापदण्ड पुरा गर्नु पर्नेछ । श्रम ऐन,२०७४, बोनस ऐन,२०३० तथा प्रचलित कानुनले व्यवस्था गरे बमोजिम कर्मचारी प्रशासन नियमावली बनाई उनीहरूको सेवा, सुविधा, कर्तव्य र अधिकारको सुनिश्चितता गराउनु पर्नेछ ।

६२. **समिति वा लेखा सुपरीवेक्षण समितिमा रहन नसक्ने :** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाको दर्ता तथा नियमन सम्बन्धी कार्यमा प्रत्यक्ष रूपमा संलग्न निर्वाचित वा मनोनयन हुने सार्वजनिक पदमा बहाल रहेको पदाधिकारी र नेपाल सरकार वा स्थानीय तहको कार्यालय वा निकायमा कार्यरत कर्मचारी सहकारी संस्थाको समिति वा लेखा सुपरीवेक्षण समितिमा निर्वाचित वा मनोनीत हुन सक्ने छैन ।

(२) यो नियम प्रारम्भ हुँदाका बखत उपनियम (१) मा उल्लिखित पदाधिकारी वा कर्मचारी कुनै सहकारी संस्थाको समिति, लेखा सुपरीवेक्षण समिति वा सहकारी संस्थाको नियमन गर्ने निकायमा कार्यरत रहेछ भने यो नियम प्रारम्भ भएको मितिले छ महिनाभित्र समिति, लेखा सुपरीवेक्षण समिति वा सहकारी संस्थाको नियमन गर्ने निकायबाट अलग हुनु पर्नेछ ।

६३. **अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्नेः** नगरकार्यपालिकाले आवश्यक देखेमा अनुसूचीमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

६४. **खारेजी र बचाउः** यस अघि यस नियमावली लागु हुनु अघि भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची १

(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

**दर्ता दरखास्तको नमुना**

मिति : २०.... ।..... ।....

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
महालक्ष्मी नगर कार्यपालिकाको कार्यालय, ललितपुर ।

**विषय : सहकारी संस्थाको दर्ता ।**

महोदय,

ामी देहायका व्यक्तिहरू देहायका विवरण खोली देहायको संस्था दर्ता गरी पाउन निवेदन गर्दछौं । उद्देश्य अनुरूप संस्थाले तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेस गरेका छौं ।

**संस्था सम्बन्धी विवरण :**

(क) प्रस्तावित संस्थाको नाम :-
(ख) ठेगाना :-
(ग) उद्देश्य :-
(घ) मुख्य कार्य :-
(ङ) कार्यक्षेत्र :-
(च) दायित्व :-
(छ) सदस्य सङ्ख्या :-
(१) महिला ...... जना
(२) पुरुष ....... जना
(३) जम्मा ....... जना
(ज) प्राप्त शेयर पुँजीको रकम :– रु. ......
(झ) प्राप्त प्रवेश शुल्कको रकम :- रु. ......

आवेदकहरूको तर्फबाट-
नाम :
पदः तदर्थ समितिका अध्यक्ष
हस्ताक्षरः
(प्रस्तावित सहकारी संस्था लिमिटेड)

अनुसूची २

(नियम ४ को उपनियम (१क) सँग सम्बन्धित)

**सम्भाव्यता अध्ययन प्रतिवेदन**

१. परिचय :

२. संस्था गठन गर्नुपर्नाको कारण :

३. सदस्यताको जनसाङ्ख्यिक आधार :

४. सहभागिताको औचित्य :

५. व्यावसायिक सम्भाव्यता :

५.१. सदस्य केन्द्रीयताका आधारमा व्यावसायिक कारोबारको अनुमानः

५.२. सदस्यहरूको संरक्षण (Patronage) सुनिश्चित गर्ने आधारहरूः

५.३. कारोबारबाट हुने बचत (Surplus) को प्रक्षेपण :

६. पुँजी आवश्यकता र स्रोत :

६.१ आवश्यकताको अनुमान :

६.२ स्रोत :

६.३ पुँजी परिचालनका तर्कसम्मत आधारहरू :

७. बजार विश्लेषण :

७.१ नजिकको बजार :

७.२ टाढाको बजार :

७.३ प्रतिस्पर्धाको स्तर र प्रतिस्पर्धामा टिक्ने आधारहरू :

८. कार्यक्षेत्रभित्र रहेका समान प्रकृतिका सहकारी संस्थाहरूको सङ्ख्या, सेवा र सदस्यताको प्रकाशमा प्रस्तावित संस्थाको औचित्य :

९. पहिले स्थापना भइसकेका समान प्रकृतिका संस्थाहरूमा संलग्न हुन नसक्ने कारण :

१०. महिला सशक्तीकरण र सामाजिक समावेशीकरणका आयामहरू :

११. जनशक्ति व्यवस्था :

१२. संस्थाको विकास र स्थायित्वका आधारहरू :

(द्रष्टव्य : प्रथम र दोश्रो प्रारम्भिक भेलाले गरेको निर्णयको तदर्थ समितिको अध्यक्षले प्रमाणित गरेका प्रतिलिपिहरू १/१ प्रति पेस गर्नु पर्नेछ ।)

अनुसूची ३

(नियम ४ को उपनियम (१ख) सँग सम्बन्धित)

## आवेदकहरूकोविवरण फाराम

| क्र. सं. | बाजेको नाम, थर | बाबुको नाम, थर | पति वा पत्नीको नाम, थर | आवेदकको नाम, थर | उमेर | ठेगाना | पेशा | सदस्यले लिन स्वीकार गरेको शेयरको विवरण | | | सम्पर्क नं. | आवेदकको दस्तखत | औंठाको छाप | फोटो र फोटोमा पर्ने गरी शेयर सदस्यको सहीछाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रति शेयर रकम रु. | खरिद शेयर संख्या | शेयरको जम्मा रकम रु. | | | | |
| १ | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | |

(द्रष्टव्य : हरेक पृष्ठको पुछारमा तदर्थ सञ्चालक समितिका अध्यक्षले दस्तखत गरी प्रमाणित गर्नु पर्नेछ ।)

अनुसूची ४

(नियम ४ उपनियम (१ग) क सँग सम्बन्धित)

## पहिलो प्रारम्भिक भेला:निर्णयहरूको नमुना

मिति … … … … … … का दिन हामी तपसिलका व्यक्तिहरूले सहकारी संस्था खोली सदस्यहरूको आर्थिक तथा सामाजिक स्तर उठाउने अभिप्रायले श्री … … … … … … को अध्यक्षतामा पहिलो प्रारम्भिक भेला गरी तपसिल बमोजिमका विषयहरूमा गहन छलफल एवं सान्दर्भिक निर्णय लिइयो ।

| सि.नं | नाम थर | ठेगाना | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

प्रस्तावहरू

१. संस्था गठन सम्वन्धमा ;

२. संस्थाको नाम र ठेगाना सम्वन्धमा ;

३. उद्देश्य र कार्य तय सम्वन्धमा ;

४. कार्यक्षेत्र निर्धारण सम्वन्धमा ;

५. सेयर र प्रवेश शुल्कको रकमसम्वन्धमा ;

६. तदर्थ सञ्चालक समिति गठन सम्वन्धमा ;

७. संस्थाको विनियम, कार्ययोजना, सम्भाव्यता अध्ययन प्रतिवेदन,आर्थिक तथा प्रशासनिक नियमावली र बचत परिचालन गर्ने संस्थाको

हकमा बचत परिचालन निर्देशिकाको मस्यौदा सम्वन्धमा ;

८. सेयर र प्रवेश शुल्कबापत उठेको रकम जिम्मा सम्वन्धमा ;

९. स्व-घोषणा सम्वन्धमा ;

१०. दर्ता गर्ने अधिकारीसँग-परामर्शपूर्व सम्वन्धमा ;

११. पूर्व-सहकारी कक्षा सम्वन्धमा ;

१२ विविध

## निर्णयहरू

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा सहकारी दर्शन, सिद्धान्त, मूल्य, मान्यता र विधिअनुरूप एकजुट भएर स्वावलम्बन, पारस्परिकता र किफायतको वृद्धि गर्दै आफ्नो आर्थिक-सामाजिक जीवनस्तर उठाउन विभिन्न व्यावसायिक सेवाहरू एवं सशक्तीकरणका कार्यहरू सञ्चालनार्थ सहकारी ऐन, नियमबमोजिम... ... ... ... सहकारी संस्था गठन गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा प्रस्तावित सहकारी संस्थाको श्रीनाम...... सहकारी संस्था लिमिटेड राख्ने निर्णय गर्दै ठेगाना...... ... राखी दर्ता भएपछि कार्यालय स्थापना गर्ने निर्णय गरियो ।

निर्णयनं. ३

सदस्यहरूको व्यक्तित्व विकास, व्यावसायिक विकास र सामुदायिक विकासका उद्देश्य र तदनुसारका कार्यहरू विनियममा उल्लेखगर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्तावनं.४ माथि छलफल गर्दा प्रस्तावित... ... ... ...सहकारी संस्थाको कार्यक्षेत्र... ... ... ...जिल्लाको ... ... ... ... महानगरपालिका/ उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकाको वडा ...नं ...राख्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं.५ माथि छलफल गर्दा प्रस्तावित... ... ... ...सहकारी संस्थाको प्रतिसेयर मूल्य रु. ... ...र प्रवेश शुल्कबापतको रकम रु. ... ...राख्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६का सम्बन्धमा आजको भेलाबाट प्रस्तावित... ... ... ... सहकारी संस्थाको तदर्थ सञ्चालक समिति देहायबमोजिमको गठन गर्ने प्रस्ताव पारित गरियो ।

| सि नं | पद | नाम थर |
|---|---|---|
| १ | अध्यक्ष | |
| २ | उपाध्यक्ष | |
| ३ | सचिव | |
| ४ | कोषाध्यक्ष | |
| ५ | सदस्य | |
| ६ | सदस्य | |
| ७ | सदस्य | |

निर्णय नं. ७

प्रस्ताव नं.७ माथि छलफल गर्दा यस सहकारी संस्थालाई विधिवत् दर्ता गरी सञ्चालन गर्न आवश्यक पर्ने सम्भाव्यता अध्ययन गरी प्रतिवेदन तयार पार्न, कार्ययोजना तर्जुमा गर्न र विनियम, -आर्थिक प्रशासनिक नियमावली (एवं बचत परिचालन गर्ने संस्थाको हकमाबचत परिचालन निर्देशिका) बनाउनका लागि तपसिल बमोजिमका व्यक्तिहरू रहने गरी मस्यौदा, अध्ययन वा तर्जुमा समितिहरू गठन गर्ने समितिहरूले मिति २०... ।... ।...मा हुने दोस्रो भेलामा आ-आफ्नो मस्यौदा पेस गर्ने निर्णय गरियो ।

**क. विनियम मस्यौदा समिति**

श्री ... ... ... ... ... ... ... ...-संयोजक

श्री ... ... ... ... ... ... ... ...-सदस्य

श्री ... ... ... ... ... ... ... ...-सदस्य

श्री ... ... ... ... ... ... ... ...-सदस्य

श्री ... ... ... ... ... ... ... ...-सदस्य-सचिव

**ख. कार्ययोजना तर्जुमा समिति**

श्री ... ... ... ... ... ... ... ...-संयोजक

श्री ... ... ... ... ... ... ... ...-सदस्य

श्री ... ... ... ... ... ... ... ...-सदस्य

श्री ... ... ... ... ... ... ... ... -सदस्य

श्री ... ... ... ... ... ... ... ... -सदस्य-सचिव

## ग. सम्भाव्यता अध्ययन समिति

श्री … … … … … … … …-संयोजक

श्री … … … … … … … …-सदस्य

श्री … … … … … … … …-सदस्य

श्री .. … … … … … … …  -सदस्य

श्री … … … … … … … …-सदस्य-सचिव

## घ. आर्थिक-प्रशासनिक नियमावली मस्यौदा समिति

श्री … … … … … … … …-संयोजक

श्री … … … … … … … …-सदस्य

श्री … … … … … … … …-सदस्य

श्री… … … … … … … …  -सदस्य

श्री … … … … … … ….-सदस्य-सचिव

## ङ. बचत परिचालन निर्देशिका मस्यौदा समिति

श्री … … … … … … … …-संयोजक

श्री … … … … … … … …-सदस्य

श्री … … … … … … … …-सदस्य

श्री … … … … … … … …-सदस्य

श्री … … … … … … … …-सदस्य-सचिव

निर्णय नं. ८

प्रस्ताव नं. ८ का सम्बन्धमा संस्था दर्ता गर्ने प्रयोजनका लागि सम्पूर्ण सदस्यहरूबाट प्राप्त भएको सेयर बापतको रकम रु. … … र प्रवेश शुल्क बापतको रकम रु.… … गरी जम्मा उठेको रकम रु.. … (अक्षरेपि रूपैयाँ… … … … ) संस्था दर्ता भएपश्चात् संस्थाको नाममा बैङ्क खाता खोली जम्मा

गर्ने गरी हालका लागि संस्थाका तदर्थ समितिका... ... ... ... ... ... श्री ... ... ... ... ... ... को जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा प्रस्तावित यस सहकारी संस्थाका सदस्यहरूको स्व घोषणा तयार गरी मिति २०... । ... ।... मा हुने दोस्रो भेलामा पेस गर्ने निर्णय गरियो ।

निर्णय नं.१०

प्रस्ताव नं. १० मा छलफल गर्दा तदर्थ सञ्चालक समितिका अध्यक्ष र यथाशक्य मस्यौदा समितिहरूका संयोजकहरू सबै जनाले मस्यौदा कार्य थाल्नु अगावै दर्ता गर्ने अधिकारीसँग भेटी पूर्व -परामर्श गर्ने तय गरियो ।

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि भएको छलफलबाट दर्ता गर्ने अधिकारीका तर्फबाट स्रोत व्यक्तिहरू मिल्ने सम्भावना समेत हेरी दोस्रो प्रारम्भिक भेला -नराख्दै पूव सदस्य कक्षा राख्ने टुङ्गोमा पुगियो ।

निर्णय नं. १२

प्रस्ताव नं.१० माथि छलफल गर्दा संस्थाको दोस्रभेला मिति२०... । ... ।...मा गर्ने निर्णय गरियो । आजको यस सहकारी भेलाले संस्था खोल्ने सम्बन्धमा महत्वपूर्ण निर्णय गरेको हुँदा उपस्थित सहभागीलाई अध्यक्षबाट भेलाको धन्यवाद ज्ञापन गरियो साथै सबै जना मन, बचन र कर्मले एकजुट भएर सहकारी माध्यमबाट अघि बढ्ने सङ्कल्पका साथ यो प्रारम्भिक भेला समापन गरियो ।

अनुसूची ५

(नियम ४ उपनियम (१ग) क सँग सम्बन्धित)

**दोस्रो प्रारम्भिक भेलाः निर्णयहरूको नमुना**

मिति २०... ।... ।... का दिन हामी तपसिलका व्यक्तिहरूको उपस्थितिमा प्रस्तावित... ... ... ... ... ...सहकारी संस्थाको तदर्थ सञ्चालक समितिका अध्यक्ष श्री ... ... ... ... ... ... को अध्यक्षतामा दोस्रो भेला बसी विविध विषयहरू माथि गहन छलफल गरी सान्दर्भिक निर्णय लिइयो ।

| सि. नं | नाम, थर | ठेगाना | द्यद दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

प्रस्तावहरू

१. मस्यौदा विनियम पारित गर्ने;

२. कार्ययोजना एवं सम्भाव्यता अध्ययन प्रतिवेदनको प्रारूप स्वीकृत गर्ने;

३. संस्थादर्ता गर्न अधिकार प्रत्यायोजन गर्ने;

४. संस्था दर्तापश्चात् सेयर र सदस्य प्रवेश शुल्कबापत उठेका रकम बैङ्कमा खाता खोली जम्मा गर्ने तथा खाता सञ्चालन गर्ने;

५. स्व-घोषणा-पत्रमा सहीछाप गर्ने;

६. आर्थिक तथा प्रशासनिक नियमावली एवं बचत परिचालन गर्ने संस्थाको हकमा बचत परिचालन निर्देशिका पारित गर्ने

७. विविध ।

## निर्णयहरू

निर्णय नं. १

प्रस्तावनं.१ माथि छलफल गर्दा प्रस्तावित... ... ... ... ... ...सहकारी संस्था लि. को विनियम बनाउनकालागि मिति २०... ।... ।... मा श्री . . . ... ... को संयोजकत्वमा गठित मस्यौदा समितिले पेस गरेको विनियमको मस्यौदामाथि भेलामा व्यापक छलफल गरी सर्वसम्मतिले पारित गर्ने निर्णयका साथै विनियमको प्रत्येक पानामातदर्थ सञ्चालक समितिका सदस्यहरूका साथै अटेसम्म सबै जनालेहस्ताक्षर गर्नेनिर्णयसमेत भयो ।

निर्णय नं. २

प्रस्ताव नं.२ माथि छलफल गर्दा तर्जुमा समितिहरूले पेस गरेका कार्ययोजनाको प्रारूपका साथै सम्भाव्यता अध्ययन प्रतिवेदनमा सम्बन्धमा छलफल गरी सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. ३

यस सम्बन्धमा छलफल गर्दा प्रस्तावित... ... ... ... ... ...सहकारी संस्था लि. दर्ता गर्ने सिलसिलामा सबैसदस्यहरू सम्बन्धित निकायमा उपस्थित भएर कार्य गर्न विभिन्न व्यावहारिक कठिनाइले गर्दा संस्था दर्ता गर्न एवं विनियम लगायतका अन्य कागजातमा आवश्यक सामान्य थपघट गरी प्रमाणित गर्नकालागि तदर्थ सञ्चालक समितिका ... ... ... ... ... ... श्री ... ... ... ... ... ..., ... ... ... ... ... ... श्री ... ... ... ... ... ... र ...... ... ... ... श्री ... ... ... ... ... ...समेतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस संस्थाका सदस्यहरूबाट उठेको सेयर तथा प्रवेश शुल्क बापत रकम हाल तदर्थ सञ्चालक समितिका ... ... ...... ... ... श्री ... ... ... ... ... ... को जिम्मामा रहेकोमा संस्थादर्ता भएपश्चात् ... ... ... ... ... ... बैङ्कमा तदर्थ सञ्चालक समितिका अध्यक्ष कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी संस्थाको नाममा खाता खोल्ने निर्णय गरियो ।

निर्णय नं. ५

यस सम्बन्धमा तदर्थ सञ्चालक समितिका तर्फबाट पेसभएकोस्व-घोषणा-पत्रकोबेहोराकोमस्यौदाउपर छलफल गरी सर्वसम्मतिले पारित गरेर सबै जनाले सहीछाप गर्ने निर्णय भयो ।

निर्णय नं. ६

मस्यौदा समितिहरूले पेसगरेका संस्थाको आर्थिक तथा प्रशासनिक नियमावली र ृबचत परिचालन गर्ने संस्थाको हकमाबचत परिचालन निर्देशिकाउपर व्यापक छलफल गरी पारित गरियो ।

निर्णय नं. ७

| | | | |
|---|---|---|---|
| ...................... | ...................... | ...................... | ...................... |
| ...................... | ...................... | ...................... | ...................... |
| ...................... | ...................... | ...................... | ......................। |

# अनुसूची ६
(नियम ४ उपनियम (१घ) सँग सम्बन्धित)

## व्यावसायिक कार्ययोजनाको ढाँचा

संस्थाको नाम :-...............................

ठेगाना :- ........................................

**क. उद्देश्यः-**

१. ............... ................ ................ ..................
२. ............... ................ ................ ..................
३. ............... ................ ................ ..................

**ख. कार्यहरूः-**

१. ............... ................ ................ ..................
२. ............... ................ ................ ..................
३. ............... ................ ................ ..................

**ग. आगामी ३ वर्ष पछिको अवस्था प्रक्षेपणः**

१. सदस्यता विस्तार लक्ष्यः

| क्र.सं. | विवरण | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सदस्य सङ्ख्याः | | | | | |
| | १. | महिला | | | | |
| | २. | पुरुष | | | | |
| | **जम्मा** | | | | | |
| २. | सदस्य सङ्ख्या प्रतिशतमा | | | | | |
| | १. | दलित | | | | |
| | २. | अल्पसंख्यक | | | | |
| | ३ | जनजाति | | | | |
| | ४. | ब्राह्मण, क्षेत्री | | | | |
| | ५. | अन्य | | | | |
| | **जम्मा** | | | | | |

## २. व्यावसायिक सेवा विस्तार लक्ष्य:

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| सदस्यको उत्पादन खरिद | | | | |
| परिणाम | | | | |
| रकम रु. | | | | |
| लाभान्वित हुने सदस्य जना | | | | |
| सदस्यलाई वस्तु वा सेवा विक्री | | | | |
| परिमाण ( ........) | | | | |
| रकम रु. | | | | |
| लाभान्वित हुने सदस्य जना | | | | |
| सदस्यलाई रोजगारीको सृजना प्रत्यक्ष पूर्णकालीन (......जना) अप्रत्यक्ष पूर्णकालीन वर्षमा २०८० घण्टाको १ जनाको हिसावमा जम्मा (......जना) | | | | |
| सदस्यलाई ऋण सेवा (वार्षिक)<br>रकम रु.<br>जनाः ........ | | | | |
| सदस्यलाई बचत सेवा (वार्षिक) रकम रु.<br>जनाः ..... | | | | |

## ३. सहकारी गतिविधि विस्तार लक्ष्य:-

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| सदस्यको शिक्षा (वार्षिक जना) खरिदः | | | | |
| टोल उपक्षेत्रिय सदस्य बैठकहरू<br><br>आयोजना वार्षिक पटकः | | | | |
| समुदायिक विकासका योजनाहरू पटकः | | | | |

## घ. पुँजीको श्रोत र उपयोगः-

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| आवश्यकताः | | | | |
| स्थिर पुँजीतर्फ (घर, जग्गा, कारखाना, उपकरण, फर्निचर, आदिः | | | | |
| चालु पूँजीतर्फ (मौज्दात मालसामान, उधारो, बिक्री, नगद मौज्दात आदिः | | | | |
| ऋण तर्फः | | | | |
| जम्माः | | | | |
| श्रोतः | | | | |
| शेयर पुँजीः | | | | |
| जगेडा कोषः | | | | |
| अन्यः | | | | |
| सदस्यको बचत (सदस्यहरूलाई ऋण दिन मात्र) | | | | |
| जम्मा | | | | |

## ङ. कार्यान्वयन जिम्मेवारी बाँडफाँड

१. सञ्चालक समितिको जिम्मेवारीः....

२. गाउँ/टोल/उपक्षेत्रीय बैठकको जिम्मेवारीः......

३. लेखा सुपरिवेक्षण समितिको जिम्मेवारीः.....

४. व्यवस्थापन कर्मचारीको जिम्मेवारीः......

## च. कार्ययोजनाबाट सदस्यहरूको जीवनमा पार्ने प्रभावका सूचकहरूः

## छ. कार्यान्वयन प्रगतिको समीक्षा एवं जवाफदेही स्थापना विधिः

(द्रष्टव्य : तदर्थ सञ्चालक समितिका पदाधिकारीहरूले प्रत्येक पृष्ठमा हस्ताक्षर गरेको प्रस्तावित संस्थाको २ प्रति कार्ययोजना पेस गर्नु पर्नेछ ।)

अनुसूची ७

(नियम ४ को उपनियम (१ङ) सँग सम्बन्धित)

**शेयररकमको भर्पाईको नमुना**

भर्पाई दादै प्रस्तावित .................. सहकारी संस्था लि. को तदर्थ सञ्चालक समितिका ........ श्री ...........................आगे उक्त सहकारी संस्था लि. का सदस्यहरूको......... प्रारम्भिक भेलाको मिति.............को निर्णय बमोजिम प्रति शेयर रु........... ।- का दरले ......... जनाबाट जम्मा ............. कित्ताको हुन आउने जम्मा रकम रु.......... (अक्षरुपि .................. मात्र) र प्रवेश शुल्क प्रति व्यक्ति रु.......... ।- का दरले हुन आउने रु.......... ।- (अक्षरुपि....................मात्र) गरी जम्मा रु.......... ।- (अक्षरुपि..................मात्र) सहकारी संस्था दर्ता भएपछि संस्थाको नाममा बैङ्क खाता खोली जम्मा गर्ने कबोल गरी उक्त रकम मैले बुझिलिई यो भर्पाईमा सही छाप महालक्ष्मी नगरपालिकाको कार्यालयमा पेस गरेको छु ।

प्राप्त रकम हाल मैले (मेरो नाममा रहेको ............. बैङ्क लि. को ........ हिसाब नं.................... मा जम्मा गरी बैङ्क भौचर दाखिला गरेको छु । उक्त रकम संस्था दर्ता भई नियमानुसार संस्थाको आफ्नै खाता नखोलेसम्म चलन नगरी सुरक्षित राख्नेछु र संस्थाको बैङ्क खाता खोलेपछि तत्कालै दाखिला गर्नेछु । फरक परेमा कानुन बमोजिम कारवाही भएमा मेरो मञ्जुरी छ ।

इति संवत् २०..... साल.........महिना .....गते रोज.............शुभम् ।

अनुसूची ८

(नियम ४ को उपनियम (१च) सँग सम्बन्धित)

## तदर्थ सञ्चालक समितिका सदस्यहरूको विवरण फाराम

| सि.नं. | बाजेको नाम, थर | वुवाको नाम, थर | पति वा पत्नीको नाम, थर | सञ्चालकको नाम, थर | पद | ठेगाना | पेशा | निर्वाचित मिति | बहाल रहने अवधि | औंठा छाप | सही | हालसालै खिचिएको फोटो र फोटोमा पर्ने गरी सही छाप | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | | | | |

अनुसूची ९

(नियम ४ को उपनियम (१छ) सँग सम्बन्धित)

## स्व-घोषणा-पत्रको नमुना

प्रस्तावित श्री ............................ सहकारी संस्था लि. दर्ता गर्न दरखास्त दिने हामी तपसिल बमोजिमका आवेदकहरूले प्रचलित कानुनसम्मत सहकारी संस्था स्थापना गरी आफनो आर्थिक र सामाजिक उत्थान गर्ने कार्यकारण बाहेक अन्य कुनै कार्यकारण नभएको र देहायमा उल्लेखित कुराका साथै अन्य कुनै कुराले सहकारी संस्थाको सदस्यता प्राप्त गरी सेवा उपयोग गर्न अयोग्य नभएको स्व-घोषणा गर्दछौः- **हामी आवेदकहरू कोही पनिः-**

१. यही प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य छैनौं,

२. बैङ्क, वित्तीय संस्था वा अन्य कुनै सहकारी संस्था/संघ/राष्ट्रिय सहकारी बैङ्कको कानुन बमोजिम कालो सूचीमा परेका व्यक्ति छैनौं,

३. यस अघि सहकारी संस्था खोली सदस्यहरूको रकम हिनामिना गरी कारबाहीमा परेका वा फरार रहेका व्यक्ति हैनौँ,

४. सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा सजाय पाएका व्यक्ति हैनौँ ।

५. अन्य सहकारी संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको पदाधिकारीको रूपमा आवद्ध नभएको,

६. सहकारी दर्शन, सिद्धान्त, मूल्य, मान्यता र कानुन बमोजिम स्वावलम्बन र पारस्परिकताको भावनाबाट आफनो बहुआयामिक विकासका लागि यस संस्थाको सञ्चालन गर्न मञ्जुर छौं ।

उपयुक्त ब्यहोरा ठीक, साँचो हो । झुट्ठा ठहरे कानुन बमोजिम सहुँला, बुझाउँला भनी सहीछाप गर्नेः–

| सि.नं. | पद | सदस्यको नाम, थर | नागरिकता नं. र लिएको जिल्ला | हालको ठेगाना | सम्पर्क नम्बर | सहीछाप |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |

(दृष्टव्यः- आवेदक सबै शेयर सदस्यहरूको नामावली अभिलेखन गरी दस्तखत गराउनु पर्नेछ ।)

अनुसूची १०

(नियम ४ को उपनियम (१ज) सँग सम्बन्धित)

## अधिकार प्रत्यायोजन पत्रको नमूना

मितिः २०..... ।....... ।

श्री दर्ता गर्ने अधिकारीज्यू,

महालक्ष्मी नगरपालिका, ललितपुर, बागमती प्रदेश ।

**विषयः- अधिकार प्रत्यायोजन ।**

महोदय, यस प्रस्तावित....................... सहकारी संस्था लि. को मिति २०...... ।..... ।..... मा बसेको दोस्रो प्रारम्भिक भेलाले गरेको निर्णयानुसार संस्था दर्ता गर्ने क्रममा प्रचलित कानुन बमोजिम प्रक्रिया पूरा गर्ने सिलसिलामा हाम्रो तर्फबाट विनियममा सामान्य थपघट गरी प्रमाणीकरण लगायतका आवश्यक काम-कारवाही गर्न निम्न दस्तखत नमुना भएको तदर्थ सञ्चालक समितिका तपसिलमा उल्लेखित पदाधिकारीहरूलाई अधिकार प्रत्यायोजन गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

निजहरूले हाम्रो प्रतिनिधिको रूपमा गरको सम्पूर्ण कामको जिम्मेवारी लिने गरी हामीले मञ्जुर गर्दछौ ।

## अधिकार प्रत्यायोजन गरिएका पदाधिकारीहरूः

| क्र.सं. | पद | नाम, थर | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

## अधिकार प्रत्यायोजन गर्ने शेयर सदस्यहरूको नाम,थर, ठेगाना र सहीछापः

| क्र.सं. | नाम,थर | ठेगाना | दस्तखत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

(द्रष्टव्यः- अधिकार प्रत्यायोजन-पत्रमा आवेदक सबैको विवरण समावेश गरी सबै आवेदकहरूले दस्तखत गर्नुपर्नेछ ।)

अनुसूची ११

(नियम ४ को उपनियम (१भ्क र नियम १५ को उपनियम (१) सँग सम्बन्धित)

**विनियममा उल्लेख गर्नुपर्ने मुख्य शीर्षक तथा विषयहरू**

श्री ....................सहकारी संस्था लिमिटेडको

विनियम, २०..... प्रस्तावनाः

(१) संक्षिप्त नाम र प्रारम्भ

(२) संस्थाको नाम र ठेगाना

(३) परिभाषा

(४) उद्देश्य

(३) कार्य

(६) कार्यक्षेत्र

(७) संस्थाको सदस्य

(८) सदस्यताको योग्यता

(९) सदस्यताका लागि निवेदन र प्राप्ति

(१०) सदस्यताको अन्त्य

(११) सदस्यको  निष्कासन

(१२) सदस्यताबाट राजीनामा

(१३) पुनः सदस्यता

(१४) सदस्यको काम, कर्तव्य र अधिकार

(१५) सदस्यता खुला रहने

(१६) सदस्यता प्राप्ति, पुनः प्राप्ति र राजीनामा स्वैच्छिक हुनुपर्ने (१७) शेयर पुँजी

(१८) सदस्य बन्न कम्तीमा एक शेयर खरिद गर्नुपर्ने
(१९) थप शेयर खरिद गर्न सक्ने
(२०) शेयर फिर्ता वा हस्तान्तरण
(२१) प्रवेश शुल्क
(२२) कृत्रिम छेकबार नलगाइने
(२३) शेयर प्रमाण-पत्र
(२४) सदस्यको दायित्व सीमित हुने
(२५) प्रारम्भिक साधारण सभा
(२६) वार्षिक साधारण सभा
(२७) विशेष साधारण सभा
(२८) साधारण सभाको बैठक
(२९) साधारण सभाको काम, कर्तव्य र अधिकार
(३०) साधारण सभाको निर्णय अनिवार्य हुने
(३१) गाउँ/टोल/उपक्षेत्रीय बैठक
(३२) सञ्चालक समिति
(३३) समितिको बैठक
(३४) समितिको काम, कर्तव्य र अधिकार
(३५) लेखा सुपरिवेक्षण समिति
(३६) उत्तरदायित्व शृखला
(३७) अध्यक्षको काम, कर्तव्य र अधिकार
(३८) व्यवस्थापकको नियुक्ति
(३९) व्यवस्थापकको काम, कर्तव्य र अधिकार,
(४०) विशेष जिम्मेवारी
(४१) कर्मचारीको नियुक्ति तथा सेवाका सर्त

(४२) संस्थाको कोष
(४३) कोषको सुरक्षा
(४४) कोषको उपयोग
(४५) जगेडा कोष
(४६) संरक्षित पुँजी फिर्ता कोष
(४७) लाभांश वितरण नगरिने
(४८) जगेडा कोषमा रकम सार्नंपर्ने
(४९) बचत सङ्कलन गर्न सक्ने/नसक्ने
(५०) बचत सङ्कलनमा सीमा
(५१) ऋण दिन सक्ने
(५२) ऋण प्रवाहमा सीमा
(५३) ऋण बाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुने
(५४) साधारण सभाको स्वीकृति लिनुपर्ने
(५५) सदस्य केन्द्रीयता
(५६) स्वार्थ बाझिने निर्णयमा सहभागिताको प्रतिबन्ध
(५७) कर्मचारीसँगको कारोबारमा निर्बन्धन
(५८) जोखिम मूल्याङ्कन
(५९) कारोबार नगरिने
(६०) कारोबारको लेखा,
(६१) खातावही
(६२) आन्तरिक हिसाब जाँच
(६३) वार्षिक हिसाब जाच
(६४) विद्युतीय प्रणालीको प्रयोग गर्दा जोखिम मूल्याङ्कन गर्नुपर्ने
(६५) अन्य आधारभूत कागजात

(६६) एकीकृत सूचना प्रणालीमा आबद्धता

(६७) प्रमुख प्रशासकिय अधिकृत वा निजबाट अधिकार प्राप्त अधिकारी समक्ष प्रतिवेदन

(६८) वित्तीय जानकारी एकाइमा प्रतिवेदन

(६९) साधारण सभामा जानकारी गराउनुपर्ने

(७०) हकवालाको मनोनयन

(७१) हक दावी वा नामसारी

(७२) निर्वाचन

(७३) शपथ ग्रहण

(७४) एकीकरण वा विभाजन

(७५) कार्यान्वयन अधिकारी

(७६) मध्यस्थता

(७७) समानता र समता

(७८) विनियम संशोधन

(७९) साधारण सभाले कार्यविधि बनाउन सक्ने

(८०) व्याख्या गर्ने अधिकार

(८१) ऐन, नियमावलीसँग बाझिएकोमा अमान्य हुने

(८२) अनुसूची : संस्थाको छाप, सपथ ग्रहण, तदर्थ सञ्चालक समितिको विवरण.... आदि ।

(द्रष्टव्य : पेस गर्नु पर्ने दुई प्रति विनियमको प्रत्येक पृष्ठको शिर पुछारमा तदर्थ सञ्चालक समितिका प्रत्येक पदाधिकारीले सही गरेको हुनुपर्नेछ ।

अनुसूची -१२

(नियम २३ उपदफा (४)सँग सम्बन्धित)

## सहकारी संस्थाको निर्वाचन कार्यक्रमको ढाँचा

| सि. नं | कार्य | मिति | समय | कैफियत |
|---|---|---|---|---|
| | | खण्ड 'क' | | |
| १. | मतदाता नामावली प्रकाशन | | | |
| २. | मतदाता नामावलीउपर दाबी-विरोध | | | |
| ३. | दाबी-विरोधको छानबिन | | | |
| ४. | अन्तिम मतदाता नामावली प्रकाशन | | | |
| ५. | उम्मेदवारको दरखास्त दर्ता | | | |
| ६. | दरखास्तको छानबिन | | | |
| ७. | उम्मेदवारी सूची प्रकाशन | | | |
| ८. | उम्मेदवारी सूचीउपरको दाबी-विरोध | | | |
| ९. | दाबी-विरोधको छानबिन | | | |
| १०. | अन्तिम उम्मेदवारी सूची प्रकाशन | | | |
| ११. | प्रचार-प्रसार अवधि | | | |
| | खण्ड 'ख' | | | |
| १२. | निर्वाचन उपसमितिका तर्फबाट मतदान प्रक्रियाको जानकारी | | | |
| १३. | मतदान | | | |

| | | | | |
|---|---|---|---|---|
| | खण्ड 'ग' | | | |
| १४. | सहकारी संस्थाको कार्यालय रहेको वा पूर्वनिर्धारित अन्य सुरक्षित स्थानमा मतपेटिका सङ्कलन र सङ्ग्रह | | | |
| १५. | मतगणना | | | |
| १६. | निर्वाचन उपसमितिको बैठक र<br>निर्वाचन परिणामको घोषणा | | | |
| १७. | निर्वाचित सदस्यलाई सपथ ग्रहण तथा प्रमाण-पत्र हस्तान्तरण | | | |

अनुसूची -१३

(नियम ३२ को उपनियम (११) सँग सम्बन्धित

## लेखा सुपरिवेक्षण समितिको त्रैमासिक/वार्षिक प्रतिवेदन

सहकारी संस्थाको नाम, ठेगानाः ...................... आ.व.: ..........

१. अघिल्लो साधारण सभाको निर्णयहरूको कार्यान्वयनको अवस्था : ..............

२. आ.व. .......... मा बसेको बैठक सख्या निर्णयहरू र निर्णयहरूको कार्यान्वयनको अवस्था : ........................

३. ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था र भाखा नाघेको ऋणी सङ्ख्या र प्रतिशत : ...................................................

४. सहकारी विभाग एवं नगरपालिकाबाट जारी गरिएका मापदण्डहरूको पालना सम्बन्धी संक्षिप्त विवरण : ...................................................................

५. सहकारी विभाग, नगरपालिकाको सहकारी शाखा वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरू कार्यान्वयन सम्बन्धी विवरणहरू : ...........................................................

६. पदाधिकारीहरूको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरूको विवरण :

६.१ पारिश्रमिक :

६.२ भत्ता :

६.३ अन्य सुविधाहरू :

७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरू :

७.१ साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए/नभएको :

७.२ कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/नल्याइएको :

७.३ भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धी भएको/नभएको :

७.४ कार्यरत कर्मचारीहरू र कार्यवोझ बीच तादम्यता रहेको/नरहेको :

७.५ व्यवस्थापन प्रमुखको योग्यता र क्षमता र सेवासुविधा सम्बन्धी विवरण :

७.६ कर्मचारीहरूको भर्ना प्रक्रिया र सङ्ख्या :

७.६.१ करार :

७.६.२ अस्थायी :

७.६.३ स्थायी :

८. सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार, उपसमिति र कर्मचारीहरूले लिएका ऋणको विवरण र भाखा नाघेको अवस्था :

९. लेखा सुपरिवेक्षण समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरूको कार्यान्वयनको अवस्था : ..........................

१० बचत तथा ऋण सहकारी वा बचत तथा ऋणको कारोबार गरेका सहकारी संस्थाको हकमा पर्ल्स अनुगमन पद्धति बमोजिमको सूचकाँकहरूको अवस्था विश्लेषण :

११. लेखा सुपरिवेक्षण समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरू :

......................

१२. लेखा सुपरिवेक्षण समितिको सुझावहरू :

१२.१ ..................

१२.२ ..................

१२.३................................

१२.४............................

१२.५................................. लेखा सुपरिवेक्षण समितिको :

दस्तखत.................... दस्तखत.................... दस्तखत ................

संयोजक श्री ........... सदस्य श्री ............. सदस्य श्री .............

मिति :...................

अनुसूची-१४

(नियम ५२ को उपनियम (१) सँग सम्बन्धित)

## संस्था अनुगमन फारम

**१) सहकारी संस्थाको नाम :-** ..............................................

**२) दर्ता न :-** ......... दर्ता मिति :- २० । । मूख्य कारोबार : .......... अन्य कारोबार ......... दर्ता भएको कार्यालय :-..........नगरमा सूचिकृत भए/नभएको .......भएमा सूचिकृत मिति : ..............

**३) संस्थाको मूख्य कार्यालयको ठेगाना :-**.......................................शाखा कार्यालय/सेवाकेन्द्र/सम्पर्क कार्यालय/ बिक्री केन्द्र/ फिल्ड कार्यालय ..... ......................... संस्थाको कार्यक्षेत्र :- ............. कार्यक्षेत्र स्वीकृत मिति : ............. सम्पर्क फोन नं .................. ईमेल : ............. वेभसाईट :.................फोन नं..... .......... अध्यक्षको नाम :.......... .................................. सम्पर्क नं............................व्यवस्थापक /कार्यालय प्रमुखको नाम : ................. सम्पर्क न........................

**४) सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको नामावली : (सबै जनाको)**

| क्र.सं. | पद | नाम थर | स्थायी ठेगाना | मोबाइल न. |
|---|---|---|---|---|
| सञ्चालक समितिको नामावली | | | | |
| १ | अध्यक्ष | | | |
| २ | | | | |
| **लेखा सुपरिवेक्षण समितिको नामावली** | | | | |
| १ | संयोजक | | | |
| २ | | | | |

सञ्चालक समितिको सदस्य सङ्ख्या :- .........महिला .............पुरुष............ कार्यकाल :-......बर्ष सञ्चालक समिति/लेखा सुपरिवेक्षण समितिको बैठक भत्ता :- रु............ अन्य भत्ता : रु..................उपसमितिको बैठक भत्ता :. ........................सञ्चालक समितिको बैठक विवरण : सङ्ख्या......... मुख्य विषयहरू : लेखा सुपरिवेक्षण समितिको बैठक विवरण : सङ्ख्या......... मुख्य विषयहरू

**५) चुक्ता शेयर पुँजी :-** ...................... **(प्रति शेयर रु :-** .......... )
सदस्यको न्यूनतम शेयर रकम :.......... अधिकतम शेयर रकम :......

**६) संचालक समिति/लेखा समिति/उपसमिति र कर्मचारीले लिएको कर्जा विवरण :**

| **क्र.सं.** | **नामथर** | **कर्जा रकम** | **ब्याजदर** | **धितोको विवरण** |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

**७) जम्मा कर्मचारी सङ्ख्या**:-............... (बजार प्रतिनिधि :-.........जना )
नियुक्ति पत्र दिए/नदिएको :- ..........
सबैभन्दा बढी तलब लिने कर्मचारीको तलब :रु.......................
सबैभन्दा कम तलब लिनेको तलब रु..................

**८) सफ्टवेयरको नाम** :- ......................... सम्झौता भए/नभएको ............ भएमा मिति ........................

**९) शेयर सदस्य सङ्ख्या** :-

| जम्मा **:-** | पुरुष **:-** | महिला **:-** | संस्थागत **:-** | बाल बचत कर्ता |
|---|---|---|---|---|

अधिकतम शेयर खरिद गर्ने १० शेयर सदस्यहरूको विवरण :

| क्र.सं. | नामथर | शेयर रकम | कुल शेयरमा भार प्रतिशत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

**१०) निक्षेप कर्ताहरूको सङ्ख्या**

| जम्मा :- | पुरुष :- | महिला :- | संस्थागत :- |
|---|---|---|---|

सबैभन्दा बढी निक्षेप जम्मा गर्ने १० सदस्यहरूको नामावली :

| क्र.सं. | नाम थर | ऋण रकम | कुल निक्षेपमा भार प्रतिशत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

## ११) ऋणी सदस्यहरूको सङ्ख्या

| जम्मा :- | पुरुष :- | महिला :- | संस्थागत :- |
|---|---|---|---|

सबैभन्दा बढी कर्जा उपभोग गर्ने १० जना ऋणी सदस्यको विवरण :

| क्र.सं. | नामथर | ऋण रकम | कुल ऋणमा भार प्रतिशत | धितोको विवरण |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

भाखा नाघेको ऋण रकम : ..................................प्रतिशत............ भाखा नाघेको ऋणी सङ्ख्या : ................. भाखा नाघेको ऋणको लागि व्यवस्था गरेको कोष रकम : ........................ कालो सूचीमा सूचिकृत गर्नु पर्ने ऋणी सदस्यहरू :

| क्र.सं. | नाम थर | ठेगाना |
|---|---|---|
| १ | | |
| २ | | |

## १२) संस्थाको वार्षिक साधारण सभा भएको मिति :-

कुल सदस्य सङ्ख्या :-..............उपस्थित सदस्य सङ्ख्या :..................

प्रतिशत :............पछिल्लो सञ्चालक समिति निर्वाचन मिति :- ...................... साधारण सदस्यहरूलाई सभाको सुचना दिने माध्यम र प्रकृया :-..........

**१३) संस्थाले तयार पारेको कार्य सञ्चालन नियमावलीहरू, नीतिहरू, कार्यविधिहरूको विवरण :-**

१.                    २.                    ३.                    ४.

**१४) संस्थाले गठन गरेको उपसमितिहरू, बैठक र कामको विवरण :**

| क्र.सं | उपसमितिको नाम | बैठक सङ्ख्या | कामको विवरण |
|---|---|---|---|
| १ | | | |

**१५) पछिल्लो साधारण सभाबाट पारित भएका मूख्य बिषयहरू :-**

..........................................................................

**१६) संस्थाको वर्तमान कर्जा प्रकृति वा किसिमहरू (ब्याजदर सहित) :-**

| शिर्षक | दर | शिर्षक | दर |
|---|---|---|---|
| | | | |

**१७) संस्थाको वर्तमान निक्षेपका प्रकारहरू (ब्याजदर सहित) :-**

| शिर्षक | दर | शिर्षक | दर |
|---|---|---|---|
| | | | |

१८) निम्न कारोबारहरू गरे/नगरेको :- सुनचाँदी कर्जा, चल्ती खाता, ओ.डी.कर्जा, आफ्नै शेयरको सुरक्षणमा ऋण लगानी, बिनाधितो कर्जा/घर जग्गा किनबेच : गरेको भए कारण र औचित्य खुलाउनु होला ..........
............................................................

१९) ऐन नियममा तोकिए बमोजिमका सम्बन्धित कार्यालयमा विवरणहरू

पठाए/नपठाएको :-

२०) खुद बचत/नाफाको कम्तीमा २५ प्रतिशत जगेडा कोषमा जम्मा गरे/नगरेको :-

२१) शेयर पुँजीको बढिमा १८ प्रतिशत बढी लाभाँश वितरण गरे/नगरेको वा संरक्षित पुंजी फिर्ता कोषको वितरण नियमावली बमोजिम छ वा छैन ?

२२) संस्थाले कनै प्रकारको चन्दा, आर्थिक सहयोग प्रदान गरे/नगरेको :- २३) एउटै लेखापरीक्षक लगातार ३ पटकभन्दा बढी नियुक्ति भएको छ/छैन ?

२४) संस्थाको कुल चुक्ता शेयर पुँजीको १० प्रतिशत भन्दा बढी एउटै ब्यक्तिवा निकाय विशेष (सरकारी समेत) लाई  शेयर बिक्रि भएको छ/छैन ?

२५) संस्थाले कर्जामा लिने सेवा शुल्क लगायतका अन्य अतिरिक्त रकमहरू :-

२६) संस्थाको निक्षेप र कर्जा बीचको ब्याजदर अन्तर प्रतिशत :-

२७) कर्जा तथा सापटमा पाकेको ब्याज नगद प्राप्ति Cash Basis को आधारमा आम्दानी जनाएको र निक्षेपमा प्रदान गर्ने ब्याज Accural Basis मा लेखांकन गरेको छ/छैन ?

२८) संस्थाको प्राथमिक पुँजी कोषको १०% भन्दा बढी एकै व्यक्तिलाई ऋण लगानी भएको छ/छैन ?

२९) बचत तथा ऋण नीति, कर्मचारी नियमावली, आर्थिक प्रशासन नियमावली तयार गरे/नगरेको ?

३०) सञ्चालक र लेखा सुपरीवेक्षण समिति सदस्यका उम्मेदवारहरूले मनोनयनका साथमा शेयर प्रमाणपत्रको प्रतिलिपि, कार्यक्षेत्रभित्र स्थायी बसोवास गरेको प्रमाण, संस्थासँग कुनै बक्यौता नरहेको प्रमाण, कर्जा

कालो सचिमा नपरेको स्व-घोषणा आदि कागजात पेस गरे नगरेको ?

३१) सञ्चालक समिति निर्वाचित भएको मितिले १५ दिनभित्र सञ्चालकहरूको फोटो र तीन पुस्ते सहितको २ प्रति विबरण पेस गरे/नगरेको ?

३२) संस्थाले ऋण उपसमितिको सिफारीसमा ऋण लगानी गरे/नगरेको ?

३३) सदस्यहरूलाई कारोबारी, साधारण र संस्थापक भनी विभेद गरे/नगरेको ?

३४) साधारण सभा सम्पन्न भएको १५ दिनभित्र लेखापरीक्षण प्रतिवेदन, अध्यक्षले प्रमाणित गरेको सभाका निर्णयको प्रतिलिपि, सदस्यहरूको उपस्थिति विवरण कार्यालयमा पेस गरे/नगरेको ?

३५) तोकिए बमोजिम कर्जा नोक्सानी ब्यवस्था गरे/नगरेको :

३६) सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, ऋण उप समिति सदस्यहरूले संस्थाबाट लिएको कर्जाको विबरण चौमासिक रूपमा सम्बन्धित कार्यालयमा पेस गरे /नगरेको :

३७) संस्था दर्ता हुँदाका बखतका बाहेक अन्य सदस्यहरूका हकमा सदस्य बनेको १ महिना नियमित बचत गरेपछि मात्र ऋण लगानी गर्नुपर्ने पालना भए /नभएको :

३८) विनियमको परिधिभित्र रही विभिन्न कोषहरूमा रकम बाँडफाँड गरेको छ /छैनः

३९) सञ्चालकहरूले संस्थाबाट उपभोग गरिरहेको वित्तिय तथा अन्य सुबिधाहरू :-

४०) सस्थाबाट कर्जापवाह गर्दा माग गरिने कागजातहरू, धितो मल्याकंन लगायत अन्य पकयाहरू :-

४१) पछिल्लो आन्तरिक र बाह्य लेखापरीक्षकहरूका मूल कैफियतहरू :-

४२) ऋण स्वीकृत गर्ने अख्तियारी कसलाई दिइएको छ ? र कसरी दिइएको छ ?

४३) कर्जा तथा निक्षेपको ब्याजदर परिवर्तन भएको सूचना सदस्यहरूलाई कसरी दिईन्छ ?

४४) संस्थाको प्रचलित विनियम बमोजिम सञ्चालक समितिको बैठक बस्ने गरे/नगरेको

४५) संस्थाले साधारण जगेडा कोष बाहेकका कोषहरू तिनको उद्देश्य अनुसार उपयोग गर्ने गरे/नगरेको

४६) संस्थाले कर्जा प्रवाह, निक्षेप सङ्कलन र शेयर बिक्रीका लागि विज्ञापन गर्ने गर/नगरेको

४७) नगद रकमको ढुकुटी, काउन्टर तथा मार्गस्थ बीमा गरे/नगरेको (गरेको भए, बीमा रकम र म्याद):-

४८) नगदको विबरण खुल्ने Cash Book, Day Book राख्ने गरे नगरेको, नगदको जिम्मेवारी बांडफांड गरे नगरेको, ढुकुटीबाट कारोबारका लागि नगद झिक्दा/राख्दा सो को विबरण राख्ने गरे नगरेको, ढुकुटीको सांचोको जिम्मेवारी क्यासियर र ब्यवस्थापकले लिने गरे नगरेको ।

४९) संस्थाले समानान्तर सहकारी संस्थाहरूसँग शेयर, निक्षेप र कर्जा/सापटी कारोबार गरेको भए त्यसको विबरण :-

५०) संस्थाका वर्तमान सञ्चालक तथा लेखा सुपरीवेक्षण समिति समानान्तर सहकारी संस्था, जनप्रतिनिधी, शिक्षक, सरकारी कर्मचारी, बैङ्क तथा वित्तिय संस्थाको सञ्चालक वा कर्मचारीको पदमा समेत वहाल भएको भए त्यसको विबरण :-

५१) संस्था तथा संस्थाका प्रतिनिधिले सरकार, सहकारी संघहरू र अन्य निकायबाट पाएको पुरस्कार तथा सम्मानको विवरण :

५२) संस्थाले सदस्य एवं कर्मचारीहरूको लागि सञ्चालन गरेको तालिम, गोष्ठी र भ्रमणको विवरण :

५३) संस्थाको आफ्नो नाममा भएको घर/जग्गा वा स्थिर सम्पत्तिको विवरणः

५४) संस्थाको पछिल्लो महिनाको वासलात र आय विवरणको संक्षिप्त प्रति

५५) बचत तथा ऋण सहकारी भए मासिक रूपमा पर्ल्स प्रतिवेदन छ /छैन : उल्लेखित विषयहरू तथा जानकारी यस संस्थाको आधिकारिक

व्यक्ति/व्यक्तिहरूसँग सङ्कलन भएको हो भनी सहि गर्ने

संस्थाको आधिकारिक व्यक्तिको नाम : ................ पद :........ हस्ताक्षर

संस्थाको छाप : निरीक्षण गर्ने :

| **क्र.सं.** | **निरीक्षण गर्ने पदाधिकारीको नाम** | **पद** | **हस्ताक्षर** |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

**प्रमाणीकरण मिति :** २०७८/७/२९

**आज्ञाले**
**पुरुषोत्तम सापकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**
**महालक्ष्मी नगरपालिका, ललितपुर ।**

**महालक्ष्मी नगरपालिकाद्वारा मुद्रितः मूल्य रू. ५०/–**